# बोटे समुदायमा आएको सामाजिक आर्थिक परिवर्तनको एक अध्ययन
# तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ७ अन्तर्गत पाटन तथा ढोडेनीका बोटे समुदायमा गरिएको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र अन्तर्गत समाजशास्त्र विषयको  स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि आंशिक आवश्यकता पुरा गर्न तयार पारिएको

## शोधपत्र

**शोधकर्ता**

देउरूपा सुवेदी

परीक्षा रोल नं : २८१८९६

त्रि.वि. दर्ता नं : ७-१-२८८-१५३-२०००

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

**२०७३**

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर केन्द्रीय क्याम्पस, कीर्तिपुर, नेपाल**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा तथा सहयोगमा देउरूपा सुवेदीले **बोटे समुदायमा समय परिवर्तन सँगै आएको सामाजिक आर्थिक परिवर्तन**को बारेमा एक अध्ययन तनँहु जिल्ला व्यास नगरपालिका वडा नं ७ अन्तर्गत पाटन तथा ढोडेनी टोल समुदायमा विषयक शोधपत्र तयार पार्नु भएको हो ।

म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मूल्यांकनको लागि सिफारिस गर्दछु ।

..............................

डा. मनहरी ढकाल

सुपरिवेक्षक

मिति : ..........................

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर केन्द्रीय क्याम्पस, कीर्तिपुर, नेपाल**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नका निमित्त देउरूपा सुवेदीले **बोटे समुदायमा आएको सामाजिक आर्थिक परिवर्तन** एक अध्ययन तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं ७ अन्तर्गत पाटन तथा ढोडेनी टोलको बोटेहरूमा गरेको यो शोधपत्र मूल्यांकन समितिद्वारा स्वीकृत गरिएको छ ।

..............................

प्रा.डा तुल्सी राम पाण्डे

विभागीय प्रमुख

..............................

डा. मनहरी ढकाल

आन्तरिक सुपरिवेक्षक

..........................

प्रा. मधुसूदन सुवेदी

वा□य सुपरिवेक्षेक

मिति : ..........................

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र संकाय स्नातकोत्तर तहको एम. ए. द्धितिय बर्षको आर्थिक आवश्यकता पुरा गर्नको लागि यो शोध पत्र तयार पारिएको हो । विश्वव्यापीकरण आधुनिकीकरण तथा विश्वव्यवस्थाका कारण संसारमा चुलिदै गएको विकाश प्रक्रियाको माहोल हाम्रो देशमा पनि मन्द रूपमा आइरहेको छ । यहाँका समाज समुदायहरूले मुहार फेर्दैछन् । यसक्रममा बोटे समुदायमा पनि केहि परिवर्तन खास गरेर ‘बोटे समुदायमा सामाजिक आर्थिक अवस्थामा आएको परिवर्तनको बारेमा सोधले हेर्न खोजेको छ । स्थलगत अध्ययनबाट सत्य तथ्य जानकारी लिई तयार पारिएको यो अध्ययनले बोटे समुदाय सम्बन्धि विभिन्न जानकारी हासिल गर्न खोजेको छ ।

यो शोधपत्र तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य पुरा गर्नका लागि सम्म महत्वपूर्ण सल्लाह, सुझाव, हौसला प्रदान गर्नुहुने आदरणीय सुपरिवेक्षक डा. मनहरी ढकाल सरलाई मेरो हार्दिक कृतज्ञता छ । साथै विभागिय प्रमुख तुल्सीराम पाण्डे सरलाई पनि विभिन्न सल्लाह सुझावको लागि कृतज्ञता प्रकट गर्दछु । केन्द्रिय पुस्तकालयका कर्मचारी तथा जनजाती पुस्तकालयका कर्मचारीहरूको सहयोग प्रति पनि म आभारी छु ।

यो शोध तयार गर्ने क्रममा विभिन्न महत्वपूर्ण सल्लाह सुझाव तथा फोटेकपी प्रिन्ट गरेर सहयोग गर्नुहुने श्रीमान् चन्द्रप्रकाश महत्रा प्रति निकै आभारी छु । आफ्नो अमूल्य समय श्रम खर्च गरी यो शोध पत्रलाई कम्प्युटर टाइप गरीदिनु हुने रमिता महर्जन ज्यूलाई पनि हार्दिक धन्यवादन दिन चाहन्छु ।

धन्यवाद

शोधकर्ता

देऊरूपा सुवेदी

# विषयसूची


पेज नं.

अध्याय एक

परिचय

| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | शोधको समस्या | ३ |
| १.३ | शोधको उद्देश्य | ५ |
| १.४ | शोधको महत्व | ६ |
| १.५ | अध्ययनको संगठनातम्क ढाँचा | ७ |

अध्याय दुई

सन्दर्भ साहित्यको पुनरावलोकन

| | | |
|---|---|---|
| २.१ | सन्दर्भ साहित्यको पुनरावलोकन | ८ |

अध्याय तीन

अनुसन्धान विधि

| | | |
|---|---|---|
| ३.१ | अध्ययन क्षेत्र तथा शिर्षक छनोटको औचित्य | १५ |
| ३.२ | अनुसन्धान ढाँचा | १५ |
| ३.३ | तथ्यांक संकलनका विधि | १५ |
| ३.४ | तथ्यांकको विश्लेषण विधि | १६ |
| ३.५ | अध्ययनको सिमा | १६ |

अध्याय चार

तथ्यांकको विश्लेषण

| | | |
|---|---|---|
| ४.१ | लिङ्गको आधार बोटे उत्तरदाताको विवरण | १७ |
| ४.२ | वोटे समुदायमा पारिवारिक संरचनात्मक अवस्था | १८ |
| ४.३ | परिवार संख्याको आधारमा उत्तरदाताको विवरण | १९ |
| ४.४ | बोटे समुदायमा शिक्षाको वर्तमान अवस्था | १९ |
| ४.६ | बोटे समुदायले गर्ने पेशाको आधारमा उत्तरदाताको विवरण | २१ |
| ४.७ | मासिक आम्दानीको आधारमा उत्तरदाताको विवरण | २२ |
| ४.८ | उपचार पदद्धिको आधारमा उत्तरदाताहरूको विवरण | २३ |

४.९ खानेपानी सरसफाई विधिको आधारमा उत्तरदाताको विवरण २४
४.१० बोटे र माझी विचको फरक उत्तरदाताले दिएको उत्तरको विवरण २५
४.११ उत्तरदाताले दिएको उत्तरको आधारमा बोटे र माझिमा फरक देखाउने पक्षहरूको विवरण २५
४.१२ भुस्वामित्वको आधारमा उत्तरदाताको विवरण २६
४.१३ उत्तरदाताको घरको बनावटको विवरण २७
४.१४ आधुनिक प्रविधि प्रयोगको आधारमा उत्तरदाताको विवरण २८
४.१५ बोटे समुदायमा कम्प्युटर गर्ने तथा नगर्ने उत्तरदातको विवरण २९
४.१६ घरमा टेलिभिजन हुने तथा नहुने उत्तरदाताको विवरण २९
४.१७ मातृभाषा बोल्ने आधारमा उत्तरदाताको विवरण ३०
४.१८ बोटे समुदायमा शौचालयको अवस्थाको विवरण ३०
४.१९ बोटेसमुदायमा मान्ने धर्मको आधारमा उत्तरदाताको विवरण ३१
४.२० उत्तरदाताको आय आर्जनको आधारमा पारिवारिक आर्थि स्थितिको विवरण ३२
४.२१ बोटे समुदायको परम्परागत पेशा तथा वर्तमानका पेशामा तुलनात्मक रोजाई ३२

**अध्याय पाँच**

**बोटेसमुदाय देखिएको आर्थिक सामाजिक र शैक्षिक परिवर्तन सम्बन्धि एक समिक्षा**

५.१ आर्थिक सामाजिक र शैक्षिक परिवर्तन ३४
५.२ बोटे समुदायको सामाजिक अवस्थाको एक समीक्षा ३४
५.३ बोटे समुदायको आर्थिक अवस्था आएको परिवर्तन एक समिक्षा ३५
५.४ बोटे समुदायको शिक्षामा आएको परिवर्तनको एक समिक्षा ३५
५.५ बोटे समुदायमा स्वास्थ्य तथा सरसफाईमा आएको परिवर्तन एक समिक्षा ३६

**अध्याय छ**

**शोधको सारांश निष्कर्ष र सुझाव**

६.१ शोधको सारांश ३७
६.२ निस्कर्ष ३९
**सन्दर्भ सामग्री**
**प्रश्नावलीहरू**

# तालिका सूचि


| | | | |
|---|---|---|---|
| | | | **पेज नं.** |
| तालिका नं १ | : | लैङ्गिक आधारमा उत्तरदाताको विवरण | १७ |
| तालिका नं २ | : | परिवारको किसिमको आधारमा वोटे समुदायमा परिवारको विवरण | १८ |
| तालिका नं. ३ | : | बोटे समुदायका परिवारको आकार वा संख्यात्मक विवरण | १९ |
| तालिका नं. ४ | : | बोटे समुदायको लैङ्गिक आधारमा शिक्षाको अवस्था | २० |
| तालिका नं ५ | : | उत्तरदाताले पुरा गरेको शिक्षाको तह अनुसार तालिका | २० |
| तालिका नं. ६ | : | पेशाको आधारमा उत्तरदाताको विवरण | २१ |
| तालिका नं. ७ | : | मासिक आम्दानीको आधारमा उत्तर दाताको विवरण | २२ |
| तालिका नं ८ | : | उपचार पदद्धिको आधारमा उत्तरदाताहरूको विवरण | २३ |
| तालिका नं. ९ | : | खानेपानी सरसफाईपद्धतिको आधारमा उत्तर दाताको विवरण | २४ |
| तालिका नं. १० | : | बोटे र माझी विचको फरक उत्तरदाताले दिएको उत्तरको आधारमा | २५ |
| तालिका नं. ११ | : | उत्तरदाताले दिएको उत्तरको आधारमा बोटे र माझिमा फरक देखाउने पक्षहरू | २६ |
| तालिका नं १२ | : | भुस्वामित्वको आधारमा उत्तरदाताको विवरण | २७ |
| तालिका नं. १३ | : | उत्तरदाताको घरको बनावटको विवरण | २७ |
| तालिका नं १४ | : | मोबाइल प्रयोग गर्ने तथा नगर्ने उत्तरदाता | २८ |
| तालिका नं. १५ | : | बोटे समुदायमा कम्प्युटर प्रयोग गर्ने तथा नगर्ने | २९ |
| तालिका नं. १६ | : | घरमा टेलिभिजन हुने तथा नहुने उत्तर दाताको विवरण | २९ |
| तालिका नं. १७ | : | मातृभाषा बोल्ने आधारमा उत्तरदाताको विवरण | ३० |
| तालिका नं. १८ | : | घरमा शौचालयका भएका तथा नभएका उत्तरदाताको विवरण | ३१ |
| तालिका नं. १९ | : | बोटेसमुदायमा मान्ने धर्मको आधारमा उत्तरदाताको विवरण | ३१ |
| तालिका नं. २० | : | उत्तरदाताको आय आर्जनको आधारमा पारिवारिक आर्थि स्थितिको विवरण | ३२ |
| तालिका नं. २१ | : | उत्तरदाताको परम्परागत पेशा तथा वर्तमानमा अपनाइएको पेशामा तुलनात्मक रोजाईको एक तालिका | ३३ |

# अध्याय एक
# परिचय

## १.१ परिचय

संसारका सबै देशहरू समयक्रम सँगै परिवर्तनको बाटोमा अगाडि बढी रहेका छन् । ढुङ्गे युग देखि आज सम्म आईपुग्दा संसारका धेरै देशहरूले आफूलाई अविकशित राष्ट्रबाट पूर्ण विकशित राष्ट्र बनाईसके भने कुनै देश विकाशको गतिलाई अगाडि बढाउँदै छन् । यसरी अविकशित राष्ट्र बाट विकशीत राष्ट्र बन्नु भनेको परिवर्तन हुनु हो । त्यसमा पनि यो परिवर्तन सकारात्मक हो । कुनै पनि राष्ट्र विकशित हुनका लागि त्यो राष्ट्रको व्यीक्त, समाज, समुदाय विकशित हुनु पर्दछ हाम्रो देश पनि विकशिल अथवा परिवर्तनिय अवस्थामा रहेको देश हो । यहाँका परिवार समाज हिजोको तुलनामा आजको जीवन शैलीमा सकारात्मक परिवर्तन ल्याउदै अगाडि बढेको पाइन्छ ।

हाम्रो देश नेपाल हो । यसको सिमानामा पूर्वपश्चिम र दक्षिणमा ठूलो देश, भारत पर्दछ भने उत्तरुको सिमनामा अर्को ठूलो मुलुक चीन रहेको छ । ठूला देशहरूको विचमा रहेको हाम्रो देश नेपाललाई दुई ढुङ्गा विचको तरुलको उपनामले चिनिन्छ नेपाल भुपरिवेष्टिक देश हो । संसारका शिर सगरमाथा हाम्रो देशको शान हो । नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. रहेको छ । हिमाल पहाड र तराईलाई भौगोलिक अवस्थिती रहेको हाम्रो देश नेपालमा विभिधतामा एकता रहेको छ । २०६८ सालको जनगणना अनुसार नेपालको जनसंख्या २६४९४५०४ रहेको छ । हाम्रो देश नेपालमा कुन १२५ जात जाति छन् भने ती मध्ये जम्मा ५९ जातजातिलाई आदिवासी जनजातिका नामले चिनिन्छ ।

नेपालका ५९ जनजातिहरू मध्ये १९ थरिका जनजाति नेपालको हिमाली प्रदेशमा, २३ थरीका पहाडी प्रदेशमा, ७ थरी भित्री मधेसमा र तराई प्रदेशमा १० थरीका जनजातिहरू बसोबास गरेको पाइन्छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परा रितिरीवाज छुट्टै सांस्कृतिक पहिचान छुट्टै सामाजिक

संरचना लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय नेपालका जनजातिलाई जातिय अवस्थाको आधारमा (१) लोपोन्मुख (२) अतिसिमान्तमृत (३) सिमान्तकृत (४) सुविधा वन्चित तथा (५) उन्नत समुह गरि विभाजन गरिएको छ । नेपालका जाजातिको हक अधिकार सुनिश्चितताका लागि नेपालको संविधानले धारा २६१ मा आदिवासी जनजाति आयोगको अवस्था गरेको छ । साथै धारा ४२ मा सामाजिक न्यायको हक अन्र्तगत उपधारा १२ मा पनि नेपालको संविधानले आदिवासी जनजातिका हक अधिकार तथा न्यायका कुरा अगाडि सारेको छ । (स्रोत : नेपालको संविधान २०७२)

नेपालको कुनै निश्चित भू-भागमा परापूर्वकाल देखि बसोबास गर्दै आएका बोटेसमुदाय आदिवासी जातजाति अन्तर्गत पर्दछ जातिय अवस्थाको आधारमा बोटेलाई अति सिमान्तकृत जात अन्तर्गत रखिएको तथा जनसंख्याले लिएको सेवा सुविधा शैक्षिक अवस्थाको हिसाबमा अत्यन्तै पिछडिएको समुदाय हो । जसलाई अतिसिमान्तकृत भनिएको छ । सामान्यतया नदि, किनार वा घाटमा आफ्नो बसोबास क्षेत्र बनाएका नदिमा नै आफ्नो दैनिकी पुरा गर्ने यो जातको पेशा प्राचिन कालदेखि नै नदिका किनारमा नुन धुने (खोज्ने चाल्ने) माछा मार्ने तथा नदिमा ढुङ्गा चलाएर परिवहन कर्ताको काम गर्ने रहेको पाइन्छ । कामको आधारमा जातको विभाजन रहेको हाम्रो धर्म संस्कारल बोटे जातिलाई पनि कामकै आधारमा उसको जात बोटे राखेको पाईन्छ । Turner (1980) has included ths word "Bote indicating its's English origin Bote has been defined as a man who rows boat along the river (bote of Nepal) यहाँ बुझ्न सकिन्छ कि बोट चलाउने कामको आधारमा नै बोटे जात रहन गएको हुन सक्ने विद्धान जनकलाल शर्माले यिनीहरू बोटे (रुख) को फेदबाट डुङ्गा बनाउने हुँदा बोटे भन्ने गरिएको हो भन्ने बताएका छन् (जनकलाल २०३९) । तथापी आजको समय सन्दर्भमा बोटे समुदायमा धेरै पविर्तन देखिएको पाइन्छ । जुन बोटे समुदायको आर्थिक सामाजिक परिवर्तनका कारण समयको कारण विकासका कारण वातावरणिय अवस्था आदि धेरै कारणहरू रहेका छन् । देशमा आएको विकास संरचनाले उनीहरूको परम्परागत पेशालाई आझेलमा मात्र हैन पाखा नै लगाएको अवस्था छ । आधुनिकता विकासको गतिसँगै बोटे समुदाय कृषि, ज्याला मजदुरी रोजगारी पशुपालमा लागेका छन् ।

नेपालमा जम्मा १०,३९७ मात्र जनसंख्या रहेको बोटे समुदाय अतिसिमान्तकृत जनजाति अन्तर्गत पर्दछ । नेपालका भित्री मधेशमा बस्ने जनजाति भनेर चिनीएका यो समुदाय अत्यन्तै सोझो हुन्छन् देश्ला पातला देखिने यस समुदायका मानिसहरूको बारेमा प्रा.डोर बहादुर बिष्टले बोटेहरूको बारेमा आफ्नो पुस्तक सबै जातको फूलवारी मा बोटेहरू लजालु हुन्छन् अन्य समुदायसँग हेलमेलमा हुँदैन तर्किन्छन् भन्नु भएको छ । (ज्ञवाली, २०५३) चितवनका कुसहरू, तराईका माझी, पहाडका बोटे यि सबैको काम डुङ्गा चलाउने नै भएकाले सबै एउटै जात जस्तो पनि लाग्दछन् तर त्यो होइन यिनीहरू मुलतः म्याग्दी, सेती र कालि गण्डकी नदीका किनारमा बसोवास गर्दछन् झट्ट हेर्दा यिनीहरू दनुवार दरै र माझी जस्तै देखिन्छन् (पाण्डेय मधुसुधन, २०६८) ।

तनहुँ र कास्कीका मादी र सेती नदिका किनारमा साथै कालि गण्डकीको किनारतिर बोटेहरू बसोवास बढी गर्दछन् । दनुवार दरै, माझी र बोटेको भाषा र संस्कृति मिल्दो जुल्दो हुन्छ । धार्मिक कार्यमा रक्सी चाहिने हुनाले यिनीहरूको धर्म हिन्दु भन्दा पृथक बुझिन्छ ( अधिकारी, २०६०) ।

थारुबोटे, माझी, दनुवार, दरै आदिका एकजातले अर्को जातसँग विहे गर्न हुन्छ । यण्सो गर्दा जन्मेका छोराछोरीले छोराले बाबुको तथा छोरीले आमाको थर लिन्छ (विष्ट १९६७) ।

आफ्नो एउटा छुट्टै संस्कार, भाषा रितिरिवाज पेशा भएको बोटे समुदाय समय परिवर्तन सँगै कसरी पविर्तन हुँदै छ भन्ने कुरा यस शोधमा हेर्न खोजिएको छ ।

## १.२ शोधको समस्या

आदिवासी जनजाति अन्तर्गत पर्ने बोटे समुदाय अतिसिमान्तकृत जनजाति समुदायमा पर्दछ । नेपाली समाजमा अत्यन्तै पछि परेको यो समुदायको परम्परागत पेशाहरू जस्तै माछा मार्ने, सुन चाल्ने, ढुङ्गा चलाउने जस्ता पेशाहरू गर्दै आएको इतिहास रहेता पनि बोट समुदाय पनि समय तथा विकासको गति सँगै अगाडि बढ्न नसकेको अवस्था छ देशमा भएका विकास क्रमले यिनीहरूले गर्दा आएको परम्परागत पेशालाई विस्तारै विस्थापन गरिसकेको छ । यसले बोटे जातिका पहिचान जस्तै नदिको किनारमा वस्न डुङ्गा चलाउने माछा मार्ने सुन धुने जस्ता आफ्ना पहिचानका पेशाहरू नै संकटमा पर्ने अवस्थामा बोटे जातिले आय आर्जनका अन्य विकल्पहरू अपनाउनु पर्ने बाध्यता बोटे समुदायको हुन

आँउदछ भने नेपाल सरकारले पनि आफ्नो देशको १२५ जात मध्येको १ जाति ५९ जनजाति मध्ये अतिसिमान्तकृत जनजातिको बोटे समुदायको पेशा व्यवसायको व्यवस्था गरिदिन आवश्यक हुन्छ । समाजमा सामाजिक, आर्थिक, शैक्षिक राजनीतिक रूपमा पछाडि परेको यो समुदायलाई विभिन्न सेवा सुविधा तथा हक अधिकारको प्रत्याभूति गराउनु यो देशको कर्तव्य हो । आफ्नो एउटा छुटै इतिहास बोकेको, धार्मिक प्रसंग सँग पनि जोडिएको तथा प्रकृति सँग पनि जोडिएको बोटे जातिको बारेमा अत्यन्तै कम लाभ किताबहरू ननिस्कनु अध्ययन नहुनु पनि एउटा समस्या हो ।

दुब्लो शरिर भएका गहुगोरो प्राय : नदि किनारमा नै देखिने काधमा माछा मार्ने जाल बोकेका बोटे समुदायलाई आफनो पुर्खाको उत्पत्ति थलो कहाँ हो भन्ने कुरा थाहा छैन । नवराज कोय राई मार्फत लिखित बोटे जातिको चिनारी नामक पुस्तकमा नेपालको ५९ जिल्लामा बोटे जातिको बसोबास रहेको उल्लेख छ भने हाल २०६८ जनगणना अनुसार बोटे जम्मा २८ जिल्लामा मात्र बोटे समुदायको बसोबास त्यस्तै बोटे समुदायको बारेमा आएका खोज अध्ययन अनुसन्धान लेख तथा साहित्यहरू विरलै औलामा गन्न पर्ने अवस्थामा छन् जुन समुदायको अध्ययन अनुसन्धान अत्यन्तै आवश्यक वास्तवमा पहाडमा माझी भनिने यो जातिलाई तराई वा भित्रि मदेशमा बोटे कुशहर भन्ने पनि चलन रहन्छ । चन्द्रकान्त ज्ञवाली बोटे (माझी) जातिको सामाजिक तथा सांस्कृतिक जीवन अवस्था नामक शोधमा उल्लेख गरेका छन् । यसरी बोटे र माझीमा कुनै फरक जात भएको एउटै भएको भन्ने कुरा अरु लेख तथा स्वयम् बोटे मसुदायले पनि भन्ने गरेका छन् । जुन कुरा अत्यन्तै सोचनिय छ कि कि चोट र माझीको एकिकृत अध्ययन गर्ने वा फरक फरक अवस्थामा बोटेहरूले पनि आफ्नो परम्परागत पेशालाई छोडेको पहाड गाउ तिर गएर किसानी पशुपालन मजदुर व्यापार आदि अन्य व्यवसाय अंगाल्नु पर्ने अवस्था हुन्छ । त्यति बेला सम्पूर्ण बोटेले आफ्नो नामको पछाडि थर बोटे नलेखेर माझीमा के समानता के असमानता छुटाएर हेर्नु आवश्यक छ । २,६४,९४,५०४ जनसंख्या भएको हाम्रो देश नेपालमा जम्मा १०३९७ जनसंख्या मात्रै बोटे समुदायको रहेको छ देशको कुन जनसंख्याको करिब ०.०३९ ( CBS) प्रतिशत मात्रै जनसंख्या जुन अत्यन्तै थारै हो सामाजिक आर्थिक शैक्षिक रानीतिक अवस्थाबाट पनि पछाडि परेका वा अगाडि बढ्न नसकेको बोटे समुदायको अध्ययन अनुसन्धान गर्नु तथा विभिन्न सामाजिक शैक्षिक अवसर प्रदान गर्नु आजको आवश्यकता हो ।

बोटे समुदायको बाक्लो बस्ती भएका जिल्ला तनँहु, चितवन र नवलपरासी मध्ये तनँहु जिल्ला अन्तर्गत व्यास नगरपाकिला पाटन तथा ढोडेनी बोटे समुदायका बस्तु स्थिति वा बोटे समुदायको सामाजिक आर्थिक परिवर्तनलाई यस अध्ययनमा हेर्न खोजिएको हो तनहूँ जिल्लामा जम्मा १२९३ संख्यामा बोटे समुदाय रहेको पाइन्छ भने यस शोधको अध्ययन क्षेत्रमा करिब १९६ जनसंख्या ४४ घरपरिवार छन् । समय सन्दर्भ सँगै आफ्नो परम्परागत पेशालाई छोडेर अन्य व्यवसायका साथ अगाडि बढ्दा आफ्नो व्यवहारिक जीवनमा आएका छन् कि छैनन् आफ्नो परम्परागत पेशाको बारेमा उनीहरूको धरणा तथा नयाँ अन्य पेशाका फाइदा कस्ता ? त्यो पेशा व्यवसाय रोजगारिले जीवनमा ल्याएको परिवर्तन सामाजिक आर्थिक जीवनमा के कस्ता परिवर्तन ल्यायो त्यो परिवर्तन यो शोधको प्रमुख अध्ययन विषय हो । बोटे जातिको राष्ट्रिय स्तरमा देखिएको समस्या भन्दा पनि त्यस्ता राष्ट्रिय रूपमा देखिएका समस्याहरूलाई मध्यनजर गर्दै यस शोधले आफ्नो अध्ययन क्षेत्रमा सिमीत रहेर यस समुदायमा देखिएका सामाजिक, आर्थिक परिवर्तन र यसको सकारात्मक पक्षलाई बढी जोड दिदै शोधका समस्याहरूलाई उजागर गर्ने प्रयास गरेको छ ।

## १.३ शोधको उद्देश्य

विश्वव्याभिकरण आधुनिकीकरण विव्यवस्थाप्रणालीले समाज तथा समुदायलाई सामाजिक आर्थिक विकासमा अगाडी लैजादै गरेको वर्तमान अवस्थामा बोटे समुदायमा सामीजक आर्थिक परिवर्तनको अवस्थाका बारेमा जनकारी लिने देशको विभिन्न जिल्लामा छरिएर बसोबास गरेका बोटे समुदायका अवस्थाको बारेमा थोरै मात्रामा भएपनि जानकारी लिनु बोटे समुदायका आर्थिक, रानीतिक अवस्था सामाजिक सांस्कृतिक अवस्थाका बारेमा जानकारी लिनु शोधले उद्देश्य राखेको भएमा पनि आफ्नो निश्चित संख्यालाई लिएर गर्नु अनुसन्धान कार्यमा निम्न अनुसारका उद्देश्यहरू यस शोधले राखेको छ । जसले समग्र बोटे समुदायको प्रतिनिधित्व गर्ने छ भन्ने कुरामा यो शोध विवसास्त पनि छ ।

समय चक्र सँगै ढुङ्गे युगबाट विकासको गतिमा विभिन्न चरण पार गर्दै हाम्रो समाज आज एउटा विकसित समाज बनेको छ विभिन्न आधुनिक समान बनेका छन् । वैज्ञानिक आविस्कारहरू भएका छन् संसारका कतिपय देशहरू पुर्न विकसित भैसकेका छन् भने कतिपय विकासको गतिमा अगाडी पढ्दै छन् । विश्व व्यापिकरण, आधुनिकीकरण, विश्वव्यवस्था प्रश्नावलीले विश्वलाई एउटा सानो समाज समुदायको रूपमा परिवर्तन

गराएको छ कुनै एउटा देशमा बनेको समान अर्को देशको कुना कुना सम्म पुगेको हुन्छ आधुनिक विधि प्रविधिहरूको प्रयोग आज कम भन्दा कम आयस्ोत हुनेले पनि गर्ने गरेको पाइन्छ । यो सबैलाई एउटा सामाजिक परिवर्तनको रूपमा लिन सकिन्छ ।

विश्वमा हुँदै गरेका यस्ता सामाजिक परिवर्तन देशका कुनाकुनाका समाज तथा समुदायलाई प्रभाव पारेको हुन्छ । यहि परिवर्तनका बारेमा अध्ययन गर्ने क्रममा यस शोधले नेपालको एक जात बोटे जुन आदिवासी जनजाति अन्तर्गत अतिसिमान्तकृत जात पर्दछ उकत बोटे समुदायको बारेमा जानकारी लिदै यस शोध राखेको उद्देश्य निम्न अनुसार छ ।

१. बोटे समुदायको सामाजिक आर्थिक स्थितिको अध्ययन गर्ने ।

२. बोटे समुदायको सामाजिक आर्थिक परिवर्तनलाई पुरानो अवस्था (भुतकाल) सँग वर्तमान परिवर्तन अवस्था तुलना गर्ने ।

## १.४ शोधको महत्व

यस अध्ययनले बोटे समुदायमा आएको परिवर्तित समाजिक आर्थिक अवस्थाको लेखा जोखा गर्न खोजेको छ । बोटे आफ्नो परम्परागत पेशालाई चटक्कै छाडेर किन अरु पेशा अंगालेका रहेछन् भन्ने कुरा बुझ्न पनि यस अध्ययनले सहयोग गर्ने छ भने पुर्ख्यौली पेशा छाडेर अन्य पेशामा लाग्दा बोटे समुदायमा के कस्ता सकारात्मक नकारात्मक नतिजा आएका रहेछन् भन्ने कुराको यथार्थ जानकारी पनि यस अध्ययने दिनेछ । विकासले कहिले काहि विनास पनि ल्याउँदछ भन्ने कुरालाई चरितार्थ गर्दै विकासले बाटै समुदायमा विनाशैल्याई दिया उनीहरूलाई परम्परागत पेशाबाट पाख लगाई दियो ।

देशमा भएको विकास प्रगति पुल सडक बाँध व्यवसायिक माछापाल प्रभावबाट बोटे समुदायको धारणा बुझ्न पनि यस शोधले सहयोग गर्ने छ । वर्तमानमा बोटे समुदालये अंगालेको पेशा व्यवसाय प्रति उनिहरूको धारणा बुझ्ने तथा फइदा बेफाइदा पक्षलाई मूल्यांकन गर्नेछ ।

साथै मैले गरेको यो सानो अध्ययनले भोली बाटे समुदायमा विभिन्न शिर्षकमा अध्ययन गर्न चाहने व्यक्तिले यो शोधलाई द्धितिय स्रोतको रूपमा प्रयोग गर्न सक्ने छन् । साथै भविष्यमा बोटे सम्बन्धि नीति निर्माण तथा विकाश व्यवस्था योजना तर्जुमा गर्दा बोटेहरूको अवस्था

बुझ्नका लागि यो शोध सहयोग हुनेछ । यसरी यस अध्ययनको व्यवहारिक तथा सैद्धान्तिक दुवै पक्षबाट महत्व रहन गएको छ ।

## १.५ अध्ययनको संगठनातम्क ढाँचा

बाटे समुदायमा आएको सामाजिक आर्थिक परिवर्तन शिर्षकमा लिएर पुरा गरिएको यस शोधपत्रको उपयुक्त संगठनात्मक ढाँचा तयार गर्नका लागि आठ भागमा विभाजन गरिउको छ । पहिलो भागमा अध्ययनको परिचय प्रस्तुत गरिएको छ भने दास्रो भागमा पुर्व साहित्यको समिक्षा तेस्रो भागमा अनुसन्धान विधि समावेश गरिएको छ भने चौथो भागमा अध्ययनले राखेको उद्देश्य प्राप्तीका लागि स्थलगत अध्ययन बाट प्राप्त तथ्यांकहरूलाई तालिकीकरण तथा विश्लेषण गर्ने काम गरिएको छ । त्यसैगरी अध्ययन पाँचमा स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांकको आधारमा समाजिक तथा आर्थिक परिवर्तनलाई समिक्षा गरिएको छ । अध्याय छ मा स्थलगत सर्वेक्षणबाट आएका तथ्यहरूलाई सांरसमा प्रस्तुत गरिएको छ । यो शोधले राखेको उद्देश्य कति प्राप्त भयो के उद्देश्य थियो परिणामको निस्कियो भन्ने कुरा तथा निष्कर्ष के निस्कियो त चाहेको कुरा सत्यतथ्य रूपमा निस्कियो कि निस्किएन समुदाय साँच्चै परम्परागत समाज भन्दा आजको आधुनिक वैज्ञानिक अविस्कारको जमनामा साच्चै परिवर्तन छ या छैन रैछ खास समाज कस्ती रैछ भन्ने कुराको निष्कर्ष आफ्नो तथ्यांक विश्लेषणको आधारमा आधारमा अध्याय छ मा प्रस्तुत गरिएको छ भने अध्ययनको परिचय देखि शुरु गरेको शोधलाई पूर्ण रूप दिन कुन कुन लेख, शोध, पुस्तक आदि पढियो उक्त कुराको प्रस्तुती सन्दर्भ सूची अध्याय सातमा प्रस्तुत छ त्यसै गरि समाजको यथास्थिति बुझ्नका लागि समाजमा गएर प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गरिएका प्रश्नहरूको संगालो अध्याय आठ प्रस्तुत गरिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ सन्दर्भ साहित्यको पुनरावलोकन

नेपाल एक बहुजातिय, बहुसांस्कृतिक बहुधार्मिक मुलुक हो । यहाँ १२५ जाति मध्ये ५९ आदिवासी जनजाति रहेका छन् । ५९ वटा यस्ता आदिवासी जनजातिहरूलाई पनि जातियताका अवस्थाले आर्थिक, सामाजिक, अवस्था, राजनैतिक अवस्था आदि विभिन्न अवस्थालाई आधार मानेर विभिन्न (५) भागमा विभाजन गरेको पाइन्छ । जसमा (१) सुविधा बञ्चित (२) सिमान्तकृत (३) अतिसिमान्तकृत (४) लापोन्मुख (५) उन्नत समूह पर्दछ । बोटे समुदाय जनजातिको यो वर्गीकरणमा अति सिमान्तकृत जातजातिमा पर्दछ । आफ्ना छुट्टै भाषा संस्कृति रितिरिवाज, धर्म परम्परा भएका यो बोटे समुदाय राजनीतिक सहभागिता नभएको आर्थिक रूपमा विपन्न राज्य स्रोत र साधन उपभोग गर्नबाट बञ्चित रहेको अवस्था छ । भविष्यमा उचित अध्ययन अनुसन्धान उत्थान अगाडि ल्याउने राज्यले विभिन्न सेवा सुविधा प्रदान गरेर यस समुदायको जगेर्ना नगरेका अवस्थामा यस जातिको इतिहास पनि मेटिने अवस्था नआउला भन्न सकिदैन त्यसैले नेपालको एउटा महत्वपूर्ण इतिहास बोकेको समुदाय यस बोटे समुदायको अध्ययन महत्वपूर्ण हुन आँउदछ ।

बोटे जातिको उत्पत्ति र नामाकरण सम्बन्धमा आज सम्म थोरै मात्र साहित्यलेख रचनाहरू लेखिएको पाइन्छ । उत्पत्तिको सम्बन्धमा खासै ठोस प्रमाण नभएता पनि यिनीहरू भारतबाट प्राचिन समयमा बसाई सरेर आएको हुन सक्ने कुरा नवराज कोय्ले आफ्नो किताब **बोटे जातिको चिनारी** नामक पुस्तकमा उल्लेख गरेका छन् । प्रा.डोर बहादुर विष्टले सबै जातिको फुलवारी नामक पुस्तकमा २०४८ सालको जनगणना अनुसार बोटेको जनसंख्या ६७१८ रहेको जनएका छन् सोथै उक्त पु**स्तकमा बोटेहरू** सोझा लजालु तथा अन्य समुदायको सम्पर्कबाट टाढा रहनेखालका हुन्छन् भन्ने कुरा पनि उल्लेख गरेका छन् स्रोत सबै जातको स्रोत : फुलवारी प्रा.डोर बहादुर विष्ट) त्यसै गरेर बोटे जातिको अध्ययन गर्ने अर्को शोधकर्ता सुरज सुब्बाले (Botes) the ferryman of Tanahun नामक पुस्तकमा तनँहुको बोटे जातिको बारेमा अध्ययन गरेको छन् उनले आफ्नो शोधमा माझी र बोटे एकै हुन भन्ने कुरा प्रस्तुत गरेका छन् । भने English Meaning मा हेर्दा डुङ्गा चलाउने नेपाली भएर Boat बाट बोटे भएको तथा नेपाली भाषामा रुखलाई बोटे भनिन्छ यो समुदायले डुङ्गा

बोट ढालेर बोटको काठले बनाउने भएर बोटे भएको उनको तर्क छ साथै आफ्नो शोधमा सुब्बाले भनेका छन् कि नदिमा बस्ने माछा मार्ने पानी बोटे भएको उनको तर्क छ साथै आफ्नो शोधमा सुब्बाले भनेका छन् कि नदिमा बस्ने माछा मार्ने पानी बोटे तथा कृषि पेशामा अपनाएका पाखा बोटे भनेर बोटेलाई दुई भागमा विभाजन गरेका छन् । सन् १९८९ मा गरेको यो शोधमा तनँहु जिल्लाको बोटेको जनसंख्या जम्मा ११३३ रहेको छ । Botes the ferryman of Tanahun २०४५ सालमा गरेको उक्त शोधमा हाल यस शोधले गर्न लागेको शोध क्षेत्र पाटन क्षेत्रमा ६० जनसंख्या र डोडेनीमा ४३ जनसंख्या गरेर १०७ जनसंख्या रहेको उक्त शोधले देखाउँदछ स्मरणिय कुरा यहाँ के छ भने त्यति बेलाकी स्थितीमा बोटे र माझीलाई एकै भनेर अध्ययनमा समावेश गरिएको थियो । हाल बोटे र माझीलाई छुट्टा छुट्टै जातियताको संज्ञा दिइसकेको छ ।

त्यसै गरी २०५३ सालमा चन्द्रकान्त ज्ञवालीले बोटे माझी जातिको समाजिक तथा सांस्कृतिक अवस्था नामक शोधमा बोटे तथा माझीको सामाजिक सांस्कृतिक अवस्थाको वर्णन गरेका छन्  गुल्मी जिल्ला बुम्धा गा.वि.स. बस्ने बोटे तथा माझीलाई समान जातको रूपमा लिएर गरिएको यस अध्ययनमा पनि बोटे र माझी समान जातिका रूपमा प्रमाणित गर्नका लागि पहाडमा बस्नेलाई माझी तथा भित्री मदेश र तराईमा बस्नेलाई बोटे भनिएको कुरा उल्लेख गरेका छन् । आफ्नो मुख्या पेशाको रूपमा माछा मार्ने, सुन धुने र डुङ्गा तार्ने पेशा गर्ने उक्त ठाँउका बोटे माझीको उपजात भने १४ प्रकारका रहेको कुरा शोधकर्ता ज्ञवालीले आफ्नो शोधमा उल्लेख गर्नु भएको छ । सामान्यतया नदिको किनारमा बस्ने र नदिमानै आफ्नो दिनचर्या व्यति तगर्नेलाई पानी बोटे र नदि भन्दा अति टाढा कृषि पेशालाई पनि आफ्नो मुख्य पेशा बनाएका बोटेलाई पाखा बोटे भनेर अन्य पुस्तकमा भनिएता पनि ज्ञवालीको शोधले यहाँ बोटेलाई १) सुन्धुवा बोटे  २) पासुबोटे ३) मसहर बोटे ५) कछारे बोटे ६) मिजार बोटे ७) कुलवर बोटे ८) चातारे बोटे ९) मुखिया बोटे १०) मारुनी बोटे ११) पानी बोटे १२) थारुबोटे १३) कुशहर बोटे १४) दुध बोटे (स्रोत चन्द्रकान्त ज्ञवालीको शोध बाट) ३५ जिल्लामा माझीहरू छरिएर रहेको भनिएको ज्ञवालीको शोधमा उत्तः ३५ जिल्लामा जम्मा ११३२१ बोटे माझी रहेको कुरा उल्लेख गरेका छन् सब भन्दा धेरै जनसंख्या बोटे माझी सुनसरीमा २०८९ रहेको देखाएको छ भने हाल बोटे समुदायको बाक्लो जनसंख्या भएको चितवन तनँहुमा ४ र ५ जनाको मात्र रेकर्ड छ ।

ज्ञवालीको उक्त शोधबाट बोटे समुदायको आर्थिक सामाजिक र सांस्कृति अवस्थालाई प्रवृत्तिका आर्थिक अवस्था जहाँ बिहान बेलुका खानाको लागि दैनिक काम गर्ने नदि किनारका क्रियाकलपाका अतिरिक्त मजदुरी तथा कृषि पेशामा पनि बोटे माझीहरू लागेको कुरा उक्त शोधमा उल्लेख छ । प्रकृतिले पुजकको रूपमा चिनिने यस समुदायले दशै तिहारको अतिरिक्त अन्य चाडहरू पनि मनाउने कुरा शोधमा उल्लेख छ । नवराज कोयू राईले लेखेको बोटे जातिको चिनारी नामक पुस्तकमा राईले बोटे समुदायको बारेमा लेखेका छन् । उक्त पुस्तकमा बोटे जातिहरू नेपालका ६९ जिल्लामा छरिएर रहेको कुरा राईले उल्लेख गरेका छन् भने तनहुँ चितवन र परासी जस्ता जिल्लामा बोटे समुदायको जनघनत्व बढी रहेको कुरा कोयले उल्लेख गरेका छन् । पाखा बोटे र पानी बोटे दुई थरिका बोटेहरूको बारेमा यस पुस्तकमा पनि उल्लेख गरेका छन् । २०५८ सालका जनगणना अनुसार बोटेको जनसंख्या ७९६९ रहेको तथा उक्त जनसंख्या नेपालको कुन जनसंख्याको ०.०४% मात्र रहेको कुरा गर्दै बोटे जाति जातियताको हिसाबमा जनजाति अन्तर्गत अति सिमान्तकृत जातिमा रहेको कुरा उल्लेख कोयूले गरेका छन् । जम्मा ३५ % बोटे मात्र मातृभाषा बोल्ने गरेको तथ्यांक प्रस्तुत गरेका छन् । माझी, दराई, दनुवार कै समजातको रूपमा बोटे जातिलाई उल्लेख गर्दै कायले मगर जाति सँग धेरै संस्कार मिल्ने कुरा गरेका छन् । नवलपरासीको केहि चितवनको तथा तनँहुको केही बोटे समुदायको अध्ययनबाट आफ्नो निष्कर्ष निकालेका कोयूले बोटे समुदाय माछा मार्ने सुन धुने डुङ्गा तार्ने जस्ता परम्परागत आफ्नो जातिय पेशा नै गर्दै आएको अवस्था उल्लेख गर्दै विकास प्रक्रियाले बोटे समुदायलाई फाइदा कम बेफाइदा बढी गरेको कुरा कोयले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । नदि उल्लेख गरेका छन् । त्यसै गरी स्रोत Bote of Nepal Etho-05 मा पनि बोटेको बारेमा बर्णनहरू गरिएको छ । यस समुदायको करिब ५५% ले प्रा.वि. तह पुरा गरेका पाइन्छ । जहाँ बोटेहरूको जनघनत्व चितवन तनहु र नवलपरासीमा बढी छन् भनि क्रमश: चितवनमा ३०९४ नवलपरासीमा २२१४ र तनँहुमा १२९३ जनसंख्या देखाईएको छ जुन २०६८ को जनगणना अनुसार भनिएको छ । देशमा लगभग ५९ जिल्लामा नै छरिएर रहेको बोटे समुदाय जम्मा ४० %ले मात्र मातृभाषा बोल्ने कुरा उल्लेख यस पुस्तकमा छ । The pani Bote Speak their own language where as there is no pakhe Bote as can speak their own language (Botes of Nepal) बोटे समुदायका बच्चाहरू स्कूल जानु पर्छ भन्ने कुरामा सचेत छन् । अभिभावकले बच्चालाई स्कूल पठाँउदछन् सरकार तथा

विभिन्न संघसंस्थाको पहलले गर्दा यो बोटे समुदायमा यस्तो सचेतना आएको कुरा उक्त पुस्तकमा आएको परिवर्तनको बारेमा पनि उक्त पुस्तकमा कुरा उठाईएको छ ।

Development of Instrastructure and rules and regulations of the state they were forced to change the traditional practices (Botes of Nepal)

यसरी नेपालमा बोटे समुदायको बारेमा गरेका अध्ययनले यस जातिको बारेमा लेखेका किताबले बोटे समुदायको बारेमा धेरै थोरै जानकारी दिइएको छ । तथापी यति अझै अपुगको स्थिती हो बोटे जातिको इतिहास के हो यसलाई कसरी जगेर्ना राख्ने आधुनिकतामा टेकेर परम्पराको जगेर्ना कसरी गर्ने भन्ने कुरा बोट समुदायको आजको आवश्यकता हो । बोटे समुदायको भाषा संस्कृति भेषभुषा धर्म परम्पराको जगेर्नाको लागि पहल गर्नु आवश्यक छ यो बोटे समुदाय सचेत नागरिक समाज तथा सरकारको दायित्व हो बोटे समुदायको अध्ययन अत्यन्तै आवश्यक छ किन कि बोटे समुदाय अतिसिमान्तकृत समुदायमा परेका जनजाति हो । यसको सहि संरक्षण र जगेर्नाको आवश्य छ ।

जुनसुकै विषयवस्तु ति जातजाति समाज समुदायको अध्ययन अनुसन्धान गर्दा त्यस विषयवस्तु सम्बन्धित पक्षमा के कति अध्ययन अनुसन्धान भएका छन् । अब कुन पक्षलाई बढी जोड दिएर अध्ययन अनुसन्धान गर्नु पर्ने जरुरी छ  भन्ने जस्ता कुराहरू स्पष्ट हुन जरुरी हुन्छ । सामाजिक अनुसन्धानको मुख्य विशेषता नै सामाजिक तथ्यको खोजी गरेर पुराना तथ्यहरूलाई नयाँ खोजीएका तथ्यहरूसँगै फरक देखाउन तुलना गर्नु हो । यस अध्ययनले पनि बोटे समुदायको वर्तमान सामाजिक आर्थिक परिवर्तनलाई परम्परागत अवस्थासँग तुलना गर्दै सत्यतथ्य जानकारी परिर्वतनका आधारमा लिनु हो ।

बोटे जातिको उत्पत्ति र नामाकरण सम्बन्धमा आजसम्म थोरै मात्र साहित्य लेखन तथा रचनाहरू प्रकाशित भएको पाइन्छ । यस शोध बोटे समुदायमा सामाजिक आर्थिक परिवर्तन नामक अध्ययनको क्रममा पुर्व साहित्यको खोजी तथा अध्ययन समीक्षा गर्ने क्रममा पनि नगन्य रूपमा मात्र किताब शोध, पत्रपत्रिका तथा बुलेटिनहरू प्राप्त गर्न सकियो जसबाट यस अध्ययनलाई सहज रूपमा अगाडि बढाउन मद्दत पुग्ने गरेको छ ।

बोटे उत्पत्तिको सम्बन्धमा खास ठोस प्रमाण नभएता पनि यिनीहरू भारतबाट प्राचिन समयमा बसाई सराइ सरेर आएका हुन सक्ने भन्ने कुरा उल्लेख स्रोत : नवराज कोयू राई

बोटे जातिको चिनारी पुस्तकबाट । प्रा.डोर बहादुर विष्टले सबै जातिको फूलबारी नामक पुस्तकमा बोटे जातिको छुट्टै अध्ययन नगरेपनि दनुवार माझि दराई शिर्षकमा छोटो छोटो परिचय दिएका छन् । बोटे माझी र कुसहर एक समान छन् र एउटै प्रकारका भाषा बोल्दछन् र यिनीहरूको सांस्कृतिक समानता छ भनेका छन् (स्रोत : विष्ट, १९६७) ।

सामान्यतया आफ्नो पेशालाई निरन्तरता दिनका लागि प्राचिन समयमा बोटेहरू गण्डकीको किनारमा बसोबास बढी गरेको पाइन्छ आफ्नो परम्परा गत पेशा प्राय नदि सँग सम्बन्धित हुने हुनाले यसो भएको हुन सक्दछ ।

नेपालमा बोटेको जनसंख्याको ऐतिहासिक अवस्था हेर्दा प्रा.डोर बहादुर विष्टको सबैजातको फुलवारी (१९६८) नामक पुस्तकमा बाटेको जनसंख्या ६७१८ बोटेको, ज्ञवाली २०५३ बोटेको जनसंख्यामा ११३२१ हाल नेपालमा बोटेको जनसंख्या हाल २०६८ को जनगणना अनुसार २०५८ को जनगणना अनुसार बोटेको जनसंख्या कुन जनसंख्याको ०.०४% रहेको पाइन्छ भने हाल २०६८ को जनगणना अनुसार पनि कुल जनसंख्याको ०.०३९२ लगभग ०.०४% नै देखिन्छ (स्रोत CBS २०११) ।

बोटे समुदायमा करिब ५५% ले साधारण लेखपढ वा प्रा.वि. तह पुरा गरेको Bote of Nepal Enthrographic यस शोधको अध्ययन क्षेत्रमा करिब ९८% ले साधारण लेख पढ तथा प्रा.वि. तह पुरा गरेको पाइयो यसबाट थाहा हुन्छ कि बोटे समुदाय शिक्षाको क्षेत्रमा अगाडि नै छ तथापी नि.मा.वि. तथा +२ गर्नेहरू नगन्य रूपमा देखिन आयो ।

राष्ट्रिय रूपमा २०५३ सालमा चन्द्रकान्त ज्ञवालीको स्रोत शोधमा दिएको तथ्यांक अनुसार ३५ जिल्लामा बाटे माझी रहेको कुराबाट बोटेमाझिको जनसंख्या ११३२१ दिएका छन भने २०६८ को जनगणना अनुसार नेपालमा बोटेको जनसंख्या १०३९७ र जम्मा २६ जिल्लामा बोटेको जनसंख्या भेटिएको छ (स्रोत : CBS बोटे जनसंख्या तथा ज्ञवाली २०५३) ।

Majhi is actually a term used by the hill people's for those people called Bote in the Tarai. स्रोतः People of Nepal Dor.B.Bista Reprint 2015

माथिको भनाइबाट यो बुझिन्छ की बोटे माझीको जात प्राय समान नै हो । पहाडमा बस्नेलाई माझी र तराई भित्री मधेशमा बस्नेलाई बोटे भनिन्छ । यो सोधमा पनि करिब२३%

ले फरक छैन भनेका छन् भने ७४% ले फरक देखाएका छन् तर सानो नदिमा बस्नलाई माझी ठूलो नदीको किनारमा बस्नेलाई बोटे भनेर नदिको आकारको हिसाबमा बोटे र माझिको फरक दर्शाएका छन्  बोटे समुदायले आफ्नो मातृभाषा अधिकांशले बोल्ने गरेको कुरा CBS 2011 बाट पनि स्पष्ट हुन्छ । CBS 2011  को तथ्यांक अनुसार ८७६६ जनसंख्याले भातृभाषा बोल्दछन् । अदअद्दण्ज्ञज्ञ उन डड नेपालको कुन बोटे जनसंख्या १०३९७ मा यो ८८% हुन आउदछ  त्यसै गरी प्रज्ञा प्रतिष्ठानले निकालेको मातृभाषा दिवश २०१३ नामक पुस्तकमा पनि बोटे भाषालाई हजार भन्दा बढी १० हजार भन्दा कम जनसंख्याले बोल्ने भाषाको समुहमा राखेको छ । उक्त पुस्तकको अनुसार ८७६६ जनसंख्या नेपालको कुन जनसंख्याले बोल्ने मातृभाषामा ०.०३% बोलिने प्रज्ञाप्रतिष्ठान यस अध्ययन लगभग ८६% ले मातृभाषा बोल्ने गरेको तथ्याङ्क उपलब्ध भयो र सामाजिक तथा सांस्कृतिक पक्षमा परिवर्तन ल्याउन आर्थिक कारणले महत्व पूर्ण भूमिका खेलेको हुन्छ । यदि आर्थिक पक्षहरू बलियो भएमा समाजका अन्य पक्ष जस्तै शैक्षिक, सामाजिक, सास्कृतिक, विकास सबै पक्षको विकाश र बृद्धि हुन सक्दछ । कार्ल मार्म्सले आर्थिक पक्षले सामाजिक सांस्कृतिक संरचनालाई निर्देशित गर्दछ भन्ने कुरामा जोड दिएका छन । यस शोधमा पनि परम्परागत पेशा परिवर्तन सँगै आधुनिकीकरणमा अगाडि बढेका बोटे समुदायको आर्थिक प्रगति सामाजिक सांस्कृतिक, शैक्षिक स्वास्थ्यको चेतना जस्ता विभिन्न पक्षमा सकारात्मक परिवर्तन देखिन्छ ।

पुराना संस्थाहरूको अन्त्य र नयाँ संस्थाहरूको जन्म नै परिवर्तन हो भन्न सकिन्छ अर्थात पुराना लाई नयाले गर्ने प्रतिस्थापन नै वास्तवमा विकास र परिवर्तन भन्न सकिन्छ । बोटे समुदायमा पनि पुराना जमानामा देखिने घुमाउने खरले छाएका घरहरू खचेल देख्न पाइदैन । घर च्ऋत्ऋ वा सिमेन्ट गरेको टिनले छाएका हुन्छन् बोटे समुदायमा घरबनाउदा कुल देवतालाई पनि वास्ता गर्दै बनाउदछन् प्राय घरलाई पुर्व फर्काएर आयातकार वा वर्गाकार घर बनाउदा आफ्ना कुलकुलायन खसी हुने कुरा बोटे जातिको चिनारी नामक पुस्तकमा नवराकोयु राईले लेखेका छन् ।

यि माथिका कतिपय कति लेख किताब शोधपत्रहरूले बोटे जाति तथा समुदायको बारेमा बुझ्न महत्वपूर्ण स्रोतको रूपमा काम गरेता पनि स्रोतहरू अत्यान्तै सिमीत छन् । शोधपत्रहरूमा त झन त्यहि कुरा दोहोरी रहेको हुन्छ नयाँ कुरा पाइदैन बोटे जाति नै बढी

सेवठी यस कामको लागि आफ्नो पहिचानको लागि आफ्नो उदगम् स्थान पहिचानको लागि जुट्नु आवश्यक देखिन्छ तरपनि Something is better than Nothing भने जस्तै थोरै भन्दा थारै दिदिय स्रोतबाट पनि थोर धेर बोटे तथा बोटे समुदायको बारेमा बुझ्ने प्रयास यस शोधले गरेको छ ।

बोटे समुदाय जुन आदीवासी जनजाति अन्तर्गत अतिसिमान्तकृत समुहमा परेको छ आफ्नो सामाजिक अवस्था आधारमा यस समुदायको सामाजिक तथा आर्थिक अवस्थालाई यस शोधले अध्ययन गर्ने क्रममा आफ्नो अध्ययनको सैद्धान्तिक आधारको रूपमा सामाजिक आर्थिक परिवर्तनलाई बनाएको छ । समयसँगै परिवर्तन भैरहेको हाम्रो देश समाज, समुदाय, राष्ट्र र विश्व नै दिन प्रतिदिन प्रगति अविस्कारको मद्दतले अगाडी बढ्दै गैरहेको छ । हिजोको पेशाले आज नयाँ रूप लिएको छ । नयाँ तरिकाले संचालन हुँदैन । परम्परागत पेशाहरू समयसँगै व्यवसायिकरण तथा व्यापारिकरण भैसकेको छ । यो सबै सामाजिक परिवर्तनको उपज हो । सामाजिक परिवर्तनको Models ३ प्रकारको हुन्छ :

१. Evolutionary theory यस सिद्धान्त अनुसार सामाजिक परिवर्तन एउटा निश्चित दिशातर्फ समाज अगाडी बढीरहेको छुहन्छ । उनवरत रूपमा त्यसकारण वर्तमानको परिवर्तन भुतकालको भन्दा उन्नत र सुधारिएको हुन्छ । यो साधारणबाट जटिल तर्फ अगाडी बढीरहेको हुन्छ । यहाँ दोस्रो Models को रूपमा Functionalist Theory लाई लिइन्छ । यस Theory अनुसार सामाजिक पविर्तन समय परिवर्तन सँगै प्राकृतिकरूपमा भैरहने प्रक्रिया हो भनिएको छ । त्यसै गरि तेस्रो Models को रूपमा Conflict Theory लाई लिइएको छ । यसमा समाज परिवर्तन धनि र वलवान मानिसहरूको एतर छुटाउने ठाउँ हो भनेका छन् । यसले अन्याय र असमानता निम्त्याउँछ भनेका छन् । Karl Marx यस सिद्धान्तका प्रतिपादक हुन www. (cliffsnotes.com) त्यसैगरी सामाजिक परिवर्तनले बोटे समुदायको सामाजिक आर्थिक अवस्थाको बारेमा अध्ययन गर्ने क्रममा Umesh Acharya ले पटिहानी गा.वि.स. मा गरेको अध्ययनमा विकास र बजारिकरणले बोटे समुदायमा परिवर्तन ल्याएको कुरा औंलाएका छन् "The paper discusses upon the changes of Bote communities of Nepali in case of patihani V.D.C. These change are influenced by process urbanization, globalization wich has created constraints and opportunities on Bote people of patihani VDC.

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र तथा शिर्षक छनोटको औचित्य

यस शोध पुरा गर्नका लागि तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं ७ अन्तर्गत पर्ने पाटन तथा धुटुडीको बोटे समुदायलाई छनोट गरिएको छ कारण अति सिमान्तकृत जनजाति तथा नदि र पानीसँग सम्बन्धित जाति जुनजाले आफुलाई पानीभन्दा १ दिनले जेठो सम्भन्छन् । यस्ता जाति तथा समुदायले गर्ने परम्परागत पेश आजभोली नगन्य रूपमा मात्र गरेको देखिन्छ । यस्तो अवस्था किन आयो किन बोटे समुदायले परम्परागत पेशा छोडे के विश्वव्यापीकरणको प्रभाव परेर (विकासको कारणले नयाँ विकासका कारण यस्तो भएको हो । वा अन्य कारण के छ जान्ने हेतुले यस अध्ययन क्षेत्र छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान कहा  गर्ने क्षेत्र छनोट गर्ने अनुसन्धानले राखेका उद्देश्य पुरागर्नका लागि कस्ता कस्ता विधिहरू अपनाउने के कसरी कुन प्रविधि प्रयोग गर्ने कस्ता सामग्रीहरू खोज्ने कसरी आफ्नो अनुसन्धान उद्देश्इ अनुरूपको तयार गर्ने भन्ने कुराको पहिलै निधो गर्ने क्रममा यस शोधले आफ्नो अनुसन्धान समुदायमा विकासले गरेको सामाजिक तथा आर्थिक परिवर्तनलाई परिवर्तनलाई आधुनिकतासँग जोडेर तुलना गर्दै समयपरिवर्तन सँगै समाजमा भएका पविर्तनहरू हेर्नका लागि प्रत्यक्ष अध्ययन क्षेत्रमा उपस्थित भई प्रथम स्रोत जनगणना विधिबाट सबै समुदायलाई समेटेर अन्तरवार्ता विधिबाट आफ्ना प्रश्नको उत्तर लिएर तथा द्धितिय स्रोतसँग तुलना गर्दै आधुनिकता र परिवर्तन बोटे समुदाय छ कि छैन कस्तो प्रभाव छ भन्ने कुरा यस शोधले रहेको छ ।

## ३.३ तथ्यांक संकलनका विधि

कुनै पनि विषयवस्तुको अध्ययन गर्दा तथ्यांकको आवश्यकता पर्दछ । परिणात्मक रूपमा आउने तथ्यांकले विगत तथा वर्तमानको यथार्थ सुचना दिन पनि सहयोग गर्दछ । विगतको तथ्यांकको आधारमा वर्तमानमा आएको तथ्यांकसँग तुलना गर्दै सत्यतथ्य कुरालाई बुझ्न सकिन्छ । यस शोध पत्र तयार गर्ने शिलशिलामा विषय वस्तुको उद्देश्य प्राप्त गर्नका लागि

प्रत्यक्ष घर दैले सर्वेक्षणलाई नै उपयुक्त विधि मान्दै नेपाल अधिराज्यमानै थोरै मात्र जनसंख्या भएको बोटे समुदाय त्यसमाप नि एउटा सानो क्षेत्र लिएको कारणबाट यस शोधलाई पुर्णता दिनको लागि प्रत्यक्ष अन्तवार्ता विधि अथवा जनगणना विधि नै अपनाइएको छ ।

प्रत्यक्ष अन्तवार्ताबाट जम्मा ४४ घरका ४४ उत्तरदातासँग विषयवस्तुसँग सम्बन्धित प्राप्त गरि जवाफबाट आउने तथ्यांकलाई सांख्यात्मक रूपमा तालिकीकरण गर्दै प्राप्त परिणामलाई व्याख्या गरिएको छ ।

## ३.४ तथ्यांकको विश्लेषण विधि

यस अध्ययनमा अध्ययन क्षेत्रका बोटे समुदायको परिवर्तनलाई हेर्न खोजेको छ समय पविर्तन सँगै बोटे समुदायमा के कति सामाजिक आर्थिक परिवर्तन भए भन्ने कुरालाई विगत सँग वर्तमानलाई जोडेर नमुना गर्दै प्राप्त तथ्यांकहरूको विश्लेषण संख्यात्मक रूपमा देखाउने तथा विषयको उद्देश्यमा सिमित हुँदै व्याख्या विश्लेषण तथा तुलना गर्ने र परकपत्ता लगाउने काम यस शोधको तथ्यांक विश्लेषण विधिामा अपनाइएको छ ।

## ३.५ अध्ययनको सिमा

यस शोधपत्र स्नाकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्ने उद्देश्इले लेखिएको हो । जसका निश्चित सिमाहरू छन् ? समय अर्थ विज्ञता तथा अन्य यस्तै विभिन्न कारणले गर्दा अध्ययनको सीमालाई बाध्ने गर्दछ । हुनत नेपालका अरु जिल्ला समाज समुदायमा बस्ने बोटेहरूको सामाजिक तथा आर्थिक अवस्थामा साच्चिकै थोरै धेरै परिवर्तन आएको होला उनीहरूले आधुनिकताका कारणले विश्वव्यापकताका कारणले परम्परागत कामलाई छोडेर अन्य पेशा अपनाउँदै आर्थिक अवस्थालाई सुधारेका पनि होलान् । गाँस बास कपासको राम्रो प्रबन्ध मिलाउन सकेमा पनि होलान । तर विभिन्न कारणले यो शोधले सबैलाई समेट्न सकेन यो शोधले मात्र तनहु जिल्ला व्यास नगरपालिका वडा नं. ७ मा बस्ने ४४ घरका जम्मा १९६ जनसंख्याको मात्र सामाजिक तथा आर्थिक अवस्था परिवर्तनको बारेमा अध्ययन गरेको छ । यसले सबै जिल्ला वा नेपाल भरीका बोटे समुदायको सामाजिक आर्थिक अवस्थाको प्रतिबिम्ब नदिन सक्छ ।

# अध्याय चार

# तथ्यांकको विश्लेषण

अध्ययनको क्रममा तथ्यांकहरूलाई आवश्यकता अनुरूप प्रशोधन गर्ने, सांकेतिकरण गर्ने, तालिकीकरण गर्ने, तुलना गर्ने तथा उक्त तथ्यांकको विवेचना र विश्लेषण गर्ने कार्यलाई तथ्यांकको विश्लेषण Analysis of Data भनिन्छ । शोधले राखेका उद्देश्य अनुरूप Data संकलन गरिसकेपछि उक्त तथ्यांकलाई तालिकीकरण गरेर अध्ययनले राखेको उद्देश्य बमोजिम तथ्य प्राप्त भयो भएन भन्ने कुरा व्याख्या र विश्लेषण यस अध्ययनमा गरिएको छ । अध्ययनले राखेको उद्देश्य अनुरूपको तथ्याङ्कहरूको व्याख्या विश्लेषण र तालिकीकरण यस अध्यायमा गरिएको छ ।

अध्ययन क्षेत्रका सम्पुर्ण बोटे समुदायको संख्या र घर संख्या यस सर्वेक्षणमा समेटिएको छ । जम्मा २ टोल १ पाटन २ धोडेनीमा ४४ घर का जम्मा ४४ उत्तरदाता हरूलाई समेटिएको छ । उक्त दुई टोलमा ९६ जनसंख्या रहेको पाइएको छ । शोधले राखेको उद्देश्य अनुरूपको प्रश्नावली तयारी पछि प्रत्यक्ष स्थलगत सर्वेक्षणमा उपस्थित भई उपयुक्त विधि अवलम्बन गरी सम्बन्धित समुदायका सम्बन्धित उत्तरदाताबाट आएका शोधको उद्देश्य सापेक्ष उत्तरहरूलाई सकेसम्म संख्यात्मक रूपमा तालिकिकरण गर्दै व्याख्या र विश्लेषण गर्ने काम यस अध्ययनमा गरिएको छ ।

## ४.१ लिङ्गको आधार बोटे उत्तरदाताको विवरण

समाजमा आगाडी बढेर बोल्ने नचिनेको मानिसले सोधेको प्रश्न दिने प्राय नेपाली समाजमा तुलनात्मक रूपमा पुरुष नै अगाडी देखिन्छ बोटो समुदायको उत्तरदाताको लैङ्गिक अवस्था तल तालिकामा प्रस्तुत छ ।

**तालिका नं १**
**लैङ्गिक आधारमा उत्तरदाताको विवरण**

| क.स | लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३२ | ७३ |
| २ | महिला | १२ | २७ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका बाट स्पस्ट हुन्छ कि अध्ययन क्षेत्रमा महिलाको दाजोमा पुरुष धेरै छन । र यो पनि हुन्छ कि पुरुष प्राधान हाम्रो समाजको एक समुदाय वोटे समुदायमा पनि अगाडी बढेर बोल्ने अझै पनि पुरुष नै छन । महिला कम जानकार भएर हो वा किन हो यस सर्वेक्षणमा पुरुष उत्तर दाता बढी देखिए । ७३% पुरुष उत्तर दाता छनभने २७% महिला उत्तर दाता रहेका छन् ।

## ४.२ वोटे समुदायमा पारिवारिक संरचनात्मक अवस्था

समाजको मुलभुत आधार परिवार हो । कुनै पनि व्यक्ति परिवारवाट नै राम्रा कुरा सिक्छ र समाजमा घुलमेल हुन्छ । परिवारको किसिमले पनि समुदायमा कति परिवर्तन हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । पश्चिमेली समाजमा एकल परिवारका कारणले गर्दा नै समाज परिवर्तन तथा अगाडि बढेको हो । संयुक्तपरिवरामा भन्दा एकले परिवारमा तुलनात्मक रूपमा बढी व्यत्तिः स्वावलम्बी बन्दछ । अध्ययन क्षेत्रका बोटेहरूको पारिवारिक संरचना तालिकामा प्रस्तुत छ ।

**तालिका नं २**

**परिवारको किसिमको आधारमा वोटे समुदायमा परिवारको विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ३५ | ८० |
| संयुक्त परिवार | ९ | २० |
| जम्मा | ४४ | १०० |

स्रोत स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका बाट यो देखिन्छ कि वोटे समुदायमा पनि नया सामाजिक चालचलन अनुसारकै व्यवस्था छ । यहा एकल परिवार बस्न रुचाउदछन संयुक्त परिवार आजभोली लोप हुदैछ । वोटे समुदायमा ८० प्रतिशत परिवार एकत रहेको सर्वेक्षकले पुष्टि गरेको छ । संयुक्त परिवारबाट विस्तारै एकल परिवार निर्माण गर्नु, आफ्नो परिवार आफै पाल्नु कमाउनु पनि परिवर्तनको एउटा राम्रो पक्षको रूपमा लिन सकिन्छ ।

## ४.३ परिवार संख्याको आधारमा उत्तरदाताको विवरण

परिवारको आकार हेरेर पनि बोटे समुदाय कति सचेत छ कति संन्तान जन्माएका छन् परिवारको आकार निर्धारणमा कति सचेत छन् गास बास कपाशको ख्याल गरेर परिवारको आकार निर्धारण गरेका छन् कि छैनन भन्ने कुरा थाहा हुन आउदछ । ठूलो परिवारको तुलनामा सानो परिवार राम्रो हो । यसले जनसंख्या वृद्धि रोक्नुको साथै प्रदुर्शन, भोकमरी गरिवीबाट परिवारलाई टाढा राख्दछ अध्ययन क्षेत्रका बोटे सामुदायको परिवारको आकारको विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३**

**बोटे समुदायका परिवारको आकार वा संख्यात्मक विवरण**

| क.सं | परिवारका आधारमा जनसंख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-३ जना सम्म | ११ | २५ |
| २ | ४-६ जना सम्म | २८ | ६४ |
| ३ | ७ देखि माथि | ५ | ११ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा १-३ जना सम्म संख्या भएको परिवार जन्मा २५% रहेको देखिन्छ भने सवभन्दा बढी प्रतिशत ४ जना देखि ६ जना परिवारसंख्या भएको परिवारको संख्या ६४% देखियो यो तथ्यांकबाट थाहा हुन्छ कि बोटे समुदायमा पनि धेरै सन्तान हुदैन २ मात्र सन्तान ईश्वरका बरदान भन्ने मान्यता छोएको छ यो विकाशको र परिवर्तनको राम्रो उदाहरण हो । प्राय जसो घरमा छोरा छोरी दुई जना मात्र जन्माएको स्थलगत सर्वेक्षणमा पाइयो ।

## ४.४ बोटे समुदायमा शिक्षाको वर्तमान अवस्था

समाज परिवर्तनको महत्वपूर्ण वाहकको रूपमा हामीले शिक्षालाई लिने गर्दछौ । शिक्षाले चेतनाको विकास गराउँदछ । त्यो समाज कति विकशितहरू भन्नुको तात्पर्य त्यो समाज कति शिक्षित छ भनेर बुझ्नु हो । समाजलाई विकाशको गतिमा अगाडि बढाउनका निमित्त

शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अतः बोटे समुदायको शैक्षिक अवस्था तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४**

**बोटे समुदायको लैङ्गिक आधारमा शिक्षाको अवस्था**

| शैक्षिक स्तर | संख्या (महिला) | प्रतिशत | संख्या (पुरुष) | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| निरक्षर | | | ४ | १२ | ४ | ९ |
| साक्षर | १२ | १०० | २८ | ८८ | ४० | ९१ |
| जम्मा | १२ | १०० | ३२ | १०० | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका हेर्दा बोटे समुदायमा शिक्षाको अवस्था निकै राम्रो देखिन्छ खास गरेर अझै महिला त १००% नै साक्षर भएको अवस्था तालिकाले देखाउदछ यो बोटे समुदायको राम्रो परिवर्तनको पुरुष ९१% साक्षर भएको देखिन्छ भने ९% अशिक्षित रहेको तालिकाले देखाउदछ । विभिन्न संघसंस्थाको सहयोगले टोल समुदायमा ल्याउने प्रौढ शिक्षाले पनि यहाँका मानिसहरू साक्षर भएको हुन् ।

**तालिका नं ५**

**उत्तरदाताले पुरा गरेको शिक्षाको तह अनुसार तालिका**

| क.सं. | शैक्षिक स्तर पुरा गरेको तह | संख्या | प्रतिशतमा |
|---|---|---|---|
| १ | साधारण लेखपढ | २० | ५० |
| २ | प्रा.वि. तह | १५ | ३८ |
| ३ | एस.एल.सी. | ४ | १० |
| ४ | +२ पास | १ | २ |
| जम्मा | | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने शिक्षाको माथिल्लो तहमा बोटे समुदायको विद्या पुगेको छैन जम्मा २% ले +२ पास गरेको देखियो ५०%ले साधारण लेखपढ तथा ३८% ले प्रा.वि. तह पुरा गरेको देखिन्छ । समाज परिवर्तनको महत्वपूर्ण बाहकको रूपमा शिक्षालाई

लिन सकिन्छ । समाज साक्षर हुनु भनेको त्यो समाज प्रगती उन्नति तिर अगाडी बढ्नु हो । माथिको तालिकाबाट बुझ्न सकिन्छ कि बोटे समुदाय आफ्नो समाज समुदाय प्रति सचेतना छ साक्षर समुदाय छ यसले सामाजिक तथा आर्थिक परिवर्तनका पक्षमा सकरात्मक भूमिका खेल्दछ तथापी बोटे समुदायमा साक्षर बढी देखिएपनि शिक्षित अत्यान्तै कम देखिए ।

## ४.६ बोटे समुदायले गर्ने पेशाको आधारमा उत्तरदाताको विवरण

कृषि प्रधान देशका नामले चिनिएको हाम्रो देशमा अधिकांश व्यीक्त परिवार समुदायको आफ्नो प्रमुख पेशा कृषि नै हुन्छ । आफ्नो छुट्टै पहिचान बोकेको कामकै आधारमा बोटे जातलाई बोटे भनिएको यसबोटे सामुदायको वर्तमान अवस्थामा अपनाएका पेशाको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

आफ्नो दैनिकी चलाउन अथवा गास बास कपासको व्यवस्थाको लागि सबैले आ-आफ्नो काम गर्नुपर्ने हुन्छ बोटे समुदायमा उत्तरदाताले अपनाएको पेशाको विवरण निम्न अनुसार छ ।

**तालिका नं. ६**

**पेशाको आधारमा उत्तरदाताको विवरण**

| क.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ३ | ७ |
| २ | ज्याला दारी | ३९ | ८९ |
| ३ | रोजगारी | १ | २ |
| ४ | परम्परागत पेशा | १ | २ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट यो देखियो कि बोटे समुदायका अधिकांश जनसंख्या ज्याला मजदुरीमा लागेको छ । ८९% जनसंख्या आफ्नो पेशा ज्याला मजदुरी भनेका छन् नजिकैको सदरमुकाम दमौलीमा तथा आसपासमा बढ्दै गरेको सहरमा घरबनाउने काम गरेर यहाँका बोटेहरूले दैनिक १०००/५०० सय कमाउने गरेको बुझियो तर दैनिक आम्दानी यति गरेप्रति वचत गर्ने कुरा उत्तरदाता बताउदछन् । जम्मा २% परम्परागत पेशा गरेको पाइयो भने २%ले

जागिर गरेको पाइयो । यसरी माथिका तालिकाबाट बोटे समुदायले परम्परागत पेशालाई छाडेर अन्य पेशा गरेको पाइयो ।

वारे समुदायमा अधिकांस जनसंख्या ले ज्याला मजदुरी गर्ने हुनाले दैनिक हिसाबमा यहाका मानिसले राम्रो आम्दानी गर्ने कुरा अध्ययन बाट थाहा भयो भने खानपान तथा मनोरञ्जनका साधनहरू नि त्यहि आम्दानिकै आधारमा खरिद गर्ने हुनाले वचत भने गर्न नसकेको अध्ययनबाट थाहा हुन आयो । यहाँका समुदायले मनोरञ्जनका समान खरिद गर्ने विलासिताका समान किन्न रक्सिखाने जस्ता कारणले गर्दा बोटे समुदायमा वचत गर्नुपर्छ भन्ने धारणा कम रहेको कुरा अध्ययनका क्रममा पाइयो ।

## ४.७ मासिक आम्दानीको आधारमा उत्तरदाताको विवरण

आफ्नो दैनिकी सु सञ्चालन गर्नका लागि व्यक्तिले गाँस, वास, कपासको राम्रो प्रबन्ध गर्नु पर्ने हुन्छ । यि मानिसको आधार मुन आवश्यकता हुन् । यस्ता आधामत आवश्इकता पुरा गर्न मानिस कमाउनु पर्छ । आम्दानी गर्नु पर्छ । अनि आवश्यकतालाई पूर्ति गर्न सकिन्छ मानिसको आम्दानी हेरेर उसकमो जिवनकसरी चलिरहेको छ जस्ता सकिन्छ । आम्दानीबाट नै खर्च गरेर आवश्यक चिज खरिद गर्न सकिन्छ । वचत गर्नु राम्रो वानी हो । आम्दानीबाट आवश्यक खर्च गरेर केहि भाग बचाउनु आम्दानी हो । आम्दानीलाई दैनिकी, मासिक, वार्षिक जसरी पनि गणना गर्न सकिन्छ । बोटे समुदायका उत्तरदाताहरले मासिक रूपमा गरेको आम्दानीलाई तल तालिकीकरण गरिएको छ ।

**तालिका नं. ७**

**मासिक आम्दानीको आधारमा उत्तर दाताको विवरण**

| क्रं .स | आम्दानी रकम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५००० देखि १०००० सम्म | ४ | ९ |
| २ | १५००० देखि माथी | ४० | ९१ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका बाट यो देखिन्छ कि वोटे समुदायमा ९१ प्रतिशत मानिसहरूको मासिक आम्दानी १५००० देखि माथि छ जुन मानिसहरू ज्याला मजदुरी गर्दछन । ५००० देखि

१०००० सम्म आम्दानी कृर्षी तथा परम्परागत पेशा अपनाएका मानिसहरूको जनु ९% मात्र छ । एकै घरका दुई जनाले सम्म ज्याला मजदुरी गरेर यहाँका मानिसहरू राम्रो आम्दानी गर्न सफल भएका छन । तर यो पेशा त्यति सहज र सरल र उपलब्धता युक्त पेशा भने होइन ।

## ४.८ उपचार पदद्धिको आधारमा उत्तरदाताहरूको विवरण

विरामी पर्दा उपचार गर्ने शैलिले पनि समाज कति विकाश र चेतनाको गतिमा अगाडी छ भन्ने कुरा थाहा हुन आउछ समुदायका मानिस विरामी पर्दा गर्ने उपचारको पद्दती ले त्यो समाज कति विकसित छ र त्यो समुदायका मानिस कति चेतनशील छ भन्ने कुरा थाहा हुन आउँछ । यहाँ बोटे समुदायका मानिसहरूले उपचार गर्ने पद्धति अनुसार उत्तरदाताको विवरण दिइएको छ ।

**तालिका नं ८**

**उपचार पदद्धिको आधारमा उत्तरदाताहरूको विवरण**

| क.सं. | उपचार पद्धती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी अस्पतालमा | २५ | ५७ |
| २ | नीजि क्लिनिक उपचार गर्ने | १० | २३ |
| ३ | आयुर्वेद उपचार गर्ने | ७ | १६ |
| ४ | झारफुक गर्ने | २ | ४ |
| जम्मा | | ४४ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तनँहुको सदरमुकाम दमौलीबाट करिब १ किलो मिटर टाढा भएको र सडकको तथा बाटोको राम्रो व्यवस्था भएको यस बोटे समुदायको मानिसहरूले गर्ने उपचार विशेषत राम्रो छ । विरामी हुँदा डाक्टरको सल्लाह अनुसार नै यस समुदायका मानिसहरू औषधी उपचार गर्दछन् भने दमौलीमै आयुर्वेद औषधलाय पनि भएकाले करिब यस बोटे समुदायका मानिस आयुर्वेदिक उपचार गर्दछन् । करिब ४% मानिस अझै पनि धामीझाक्री, झारफुक तिर लागेको यस अध्ययनले देखाँउदछ । करिब ९०% मानिसले डाक्टरी उपचार लिएको अध्ययनले देखायो ।

## ४.९ खानेपानी सरसफाई विधिको आधारमा उत्तरदाताको विवरण

पानी जिन्दगानी जुन हाम्रा लागि अतिमहत्वपूर्ण वस्तु हो यसलाई सरसफाई गरेर पिउन योग्य बनाएर पिउनु पर्दछ । फहोर पानीले विभिन्न रोगहरू ल्याउँदछ भन्ने कुरा सबैलाई चेतना हुनुपर्छ पानी सफा गर्ने उपयुक्त तरिका छनोट गरी पानीलाई सफा पारेर पिउनु पर्छ भन्ने कुरामा बोटे समुदायको चेतना बुझ्ने क्रममा आएका तथ्यांकहरू तल तालिकामा उल्लेख गरिएको छ । खानेपानी सरसफाईको बारेमा यस समुदायमा राम्रो ज्ञान भएको थाहा पाइयो । विभिन्न संघसंस्थाले दिएको जनचेतना फैलाउने कार्यक्रम तथा प्रोढ शिक्षा कार्यक्रमबाट पनि ज्ञान लिएका विशेषगरेर यहाँका महिला समुदायलाई राम्रो ज्ञान छ कि हामी खानेपानी सफा हुनुपर्छ राख्नुपर्छ सफा पिउनु पर्छ भन्ने कुरा अतः खानेपानी सफा बनाउने पद्धतिको आधारमा उत्तरदाता विवरण यस प्रकार छ ।

**तालिका नं. ९**

**खानेपानी सरसफाईपद्धतिको आधारमा उत्तर दाताको विवरण**

| क.सं | सफाई गर्ने पद्धति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कपडाले छान्ने | १० | २३ |
| २ | भाडामा फिल्टर गर्ने | २४ | ५४ |
| ३ | पियुस राख्ने | १० | २३ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट थाहा हुन्छ की ५४% ले पानी सरसफाईका लागि फिल्टर गर्दछन् सरसफाई सम्बन्धी कुनै ज्ञान नभएका खोलाको धमिलो पानी खाने नदिको किनारमा माछा मार्ने जाल ओडेर सुत्ने बोटे समुदाय आज विकाश र चेतनाको संघारमा अगाडि बढ्दै गरेको संकेत हो यो जुन समुदायले आज पानी छानेर पियुस हालेर सफा पारेर खानुपर्छ भन्ने चेतनाको विकास गरेको छ । Some thing is better than no thing भन्ने जस्तै यहाँका मानिसहरू कपडाले पानी छानेर खाने गरेका छन् जुन पानी सफाई उपयुक्त पद्धति चाहि छैन । माथिको तालिकाबाट समुदायमा चेतना फैलाउनु जरुरी छ थोरै परिर्वतित समाजलाई सकारात्मक दिशामा अरु परिवर्तित गर्नु आवश्यक छ ।

## ४.१० बोटे र माझी विचको फरक उत्तरदाताले दिएको उत्तरको विवरण

कुनै कुनै पुस्तक तथा लेख, शोधमा समेत बोटे र माझी जातिलाई एउटै जाट भनेको पाइएको छ बोल्ने भाषा, परापुर्व कालमा अपनाएका पेशा तथा रितिरिवाज पनि मिल्ने भएकाले हो वा अन्यकारणले हो बोटे र माझी समान जातिको रूपमा लिइएको पाइनछ । यस शोधले उत्तरदातालाई बोटे र माझीविचको फरक छ कि छैन भन्ने प्रश्नबाट आएको उत्तरलाई तथ्यांकको रूपमा तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**बोटे र माझी विचको फरक उत्तरदाताले दिएको उत्तरको आधारमा**

| क्र.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | फरक छैन भन्नेहरू | १० | २३ |
| २ | फरक छ भन्नेहरू | ३० | ६८ |
| ३ | थाहा छैन भन्नेहरू | ४ | ९ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

नेपाललमा १२५ वटा जातजाति मध्ढे माझीलाई छुट्टै जात, बोटेलाई छुटै जात भनिसकेको छ । यो वर्तमान अवस्था हो तर पनि यहाँ २३% उत्तरदाताले बोटे र माझि समुदायमा फरक छैन दुबै एउटै जात हो भनेका छन् भने ६८% ले बोटे र माझिमा फरक छ भनेका छन् ९ % ले सम्बन्धी अनविज्ञता दर्शाएका छन् ।

## ४.११ उत्तरदाताले दिएको उत्तरको आधारमा बोटे र माझिमा फरक देखाउने पक्षहरूको विवरण

राष्ट्रिय तथ्यांक विभागले छुट्टै गरिसकेको अवस्था तथा आदीवासी जनजातिमा नि ५९ जाति मध्ये छुट्टै जातिको रूपमा आफ्नो पहिचान बनाई सकेको अवस्थामा बोटे र माझी फरक भै सकेको अवस्था छ । यस शोधको अध्ययन क्षेत्रका उत्तरदाताहरूले दिएको फरक देखाउन पक्षहरूलाई तल तालिकीकरणमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११**

**उत्तरदाताले दिएको उत्तरको आधारमा बोटे र माझिमा फरक देखाउने पक्षहरू**

| क.सं | फरक हुनुको कारण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पहाडमा बस्ने माझि भित्रि प्रदेशमा बस्ने बोटे भन्नेहरू | २१ | ७० |
| २ | ठूलो नदीको किनारमा बस्ने बोटे तथा सानो नदिको किनारमा बस्ने माझी भन्नेहरू | ९ | ३० |
| जम्मा | | ३० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट यो देखिन्छ कि बोटे र माझी विच फरक छ भन्ने ३० जना उत्तरदाता मध्ये ७०% ले पहाडमा बस्ने माझि र भित्री मधेशमा बस्ने लाई बोटे भनेका छन् भने ३०% ले नदिको आकारका आधारमा बोटे र माझि वीच फरक देखाएका छन् जे भएपनि नेपालमा भएका १२५ जात मध्ये बोटे एक हो र माझि अर्को जात मानिन्छ तर कति पयबोटेमाझि हामी सबै जात हौ भन्दछन् ।

## ४.१२ भुस्वामित्वको आधारमा उत्तरदाताको विवरण

आफुसँग भएको भूमि जागा कृति छ त्यसले पनि मानिस समाजमा कति धनी छ भन्ने कुरा जनाउँदछ । जो सँग जग्गा छैन त्यसलाई सकुम्वासी भनिन्छ । परासम्म परेको वेसी फाँटमा आलो लाग्ने कारणले अनि चेतनशिल मानिस गाउँमा बस्ने आला डाडामा बस्ने गर्छ भने शोझा स्वास्थ्यको बारेमा जानकार नभएको जस्तै दराईबोटहरू बेसी फाटमा बस्ने गरेको कुरा इतिहासले बताउँछ । त्यतिबेलाको समयमा बोटेहरूको जग्गा प्रसस्त एउटाको भागमा ५-१० रोपनी थियो भने विकरको उन्मुलत सँगै ९१ सबै मानिस बेसी झरे सदरमुकाम दमौलीमा आयोतव बोटे समुदायको भुस्वामित्वको आकार घट्दै गयो । यिनीहरू जग्गाको मूल्यवृद्धि सँगै जग्गाबेच्दै घर बानाउँदै तथा अन्य सुविधाका वस्तुहरू किन्दै गर्न थाले वर्तमान अवस्थामा बोटे समुदायको भु-स्वामित्वको विवरण तल प्रस्तुत छ ।

**तालिका नं १२**

**भुस्वामित्वको आधारमा उत्तरदाताको विवरण**

| क.सं | भूस्वामित्व विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भू स्वामित्वको विवरण एक रोपनी भन्दा माथी | १० | २३ |
| २ | एक रोपनी भन्दातल ८ आना सम्म हुने | २९ | ४८ |
| ३ | आठ आना भन्दा तल ४ आना सम्म | ९ | २० |
| ४ | भू स्वामित्व नहुने | ४ | ९ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ की यस बोटे समुदायको भू स्वामित्व अयान्तै कम छ। यस क्षेत्रका स्थायी बासिन्दा भएर पनि भु स्वामित्वमा अत्यन्तै कमजोर देखिनको कारण जग्गा विक्रि वितरण नै मुख्य कारण भएको कुरा यहाँका जानकारहरू बताउछन्। ऋण लिएर नतिर्ने पछि साहुले जग्गा हड्प्ने चलन रहेको कुरा अध्ययनको क्रममा खुल्न आयो। यहाँका ४८% घरधुरीको १ रोपनी भन्दा कम जग्गा छ। १ रोपनी भन्दा बढी हुने जग्गा २३% को मात्र जग्गा छ। ९%ले विभिन्न कारणले भू स्वामित्व नै गुमाएका छन्।

### ४.१३ उत्तरदाताको घरको बनावटको विवरण

घरको बनावटको आधारमा पनि त्यो घरको आम्दानी कति होला शिक्षित अशिक्षित कस्तो होला सफा फोहोरी कस्तो होला भन्ने कुरा अनुमान लगाउन सकिन्छ तथा आधुनिकताले छोएको छ छैन भन्ने कुरा पनि अनुमान लगाउन सकिन्छ अतः बोटे समुदायका घरहरूको प्रकारको विवरण यस प्रकार छ।

**तालिका नं. १३**

**उत्तरदाताको घरको बनावटको विवरण**

| क.सं. | घरको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत धुमाउने घर | २ | ५ |
| २ | टिनले छाएको प्लास्टर गरेको | ३० | ६८ |
| ३ | ढलान अथवा गरेको घर | १२ | २७ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट यो देखियो कि अध्ययन क्षेत्रका ६८% बोटे समुदायको घर दुईतल्ले टिनले छाएको तथा सिमेन्ट वालुवाले प्लास्टर गरेको छ भने २७% घर ढलान गरेको छ भने ५% घरहरू अझै पनि परम्परागत धुमाउने घरमा छन् । करिब ९५% घरहरू पक्की घरको रूपमा लिन सकिन्छ यसबाट नि थाहा हुन्छ कि बोटे समुदायमा परिवर्तन आएको छ । जुन परम्परागत घरहरू साना सागुरा, अध्यारा घरहरूलाई परिवर्तन गर्दे विजुली बत्ति जडित राम्रो पक्की घरहरू निर्माण भएका छन् । यो बोटे समुदायको सामाजिक परिवर्तनको एउटा राम्रो पक्ष हो ।

## ४.१४ आधुनिक प्रविधि प्रयोगको आधारमा उत्तरदाताको विवरण

विश्वव्यापीकरणले सागुरो बनाउँदै लगेको संसारमा विभिन्न विधि प्रविधिहरूको माध्यमबाट संसारको कुनै पनि कुनामा घटेको घटनालाई क्षणभरमै संसारको अर्को कुनामा बसेर हेर्न तथा सुन्न सकिन्छ यो सबै विधि प्रविधिले मानिसको दैनिक जीवनलाई सरल सहज तथा मनोरञ्जनात्मक पनि बनाई दिएको छ यस्ता प्रविधिको प्रयोग यस अध्ययन क्षेत्रका बोटे समुदायले के कति गरेका छन् यसको विवरण यस प्रकार छन् ।

**तालिका नं १४**

**मोबाइल प्रयोग गर्ने तथा नगर्ने उत्तरदाता**

| क्रसं. | प्रयोग गर्ने प्रविधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मोबाइल प्रयोग | ३३ | ७५ |
| २ | मोबाइल प्रयोग नगर्ने | ११ | २५ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा मोबाइल प्रयोग गर्ने वोटे समुदाय ७५% रहेको देखियो भने नगर्ने २५% यसबाट यो तथ्य, स्पष्ट हुन्छ कि आजको लागि आवश्यक सुचना आदानप्रदान गर्ने उपयुक्त प्रविधि बोटे समुदायमा बोटे समुदायमा प्रयोगमा धेरै मात्रामा आएको छ । यो पनि समाजिक परिवर्तनको महत्वपूर्ण पक्ष हो ।

## ४.१५ बोटे समुदायमा कम्प्युटर गर्ने तथा नगर्ने उत्तरदातको विवरण

स्थलगत सर्वेक्षणको क्रममा आधुनिक प्रविधि मध्य कम्प्युटरको प्रयोग बोटे समुदायमा कति हुन्छ भनेर गरिएको सर्वेक्षणको तथ्याङ्कीय अवस्था तल तालिकामा प्रस्तुत छ ।

**तालिका नं. १५**

**बोटे समुदायमा कम्प्युटर प्रयोग गर्ने तथा नगर्ने**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कम्प्युटर प्रयोग गर्ने | ३ | ७ |
| २ | कम्प्युटर प्रयोग नगर्ने | ४१ | ९३ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट यो बुझिन्छ कि बोटे समुदायमा कम्प्युटर प्रयोगकर्ता अत्यान्तकम ७% मात्र छन् भने बाकी ९३% प्रयोग नगर्ने छन् । आवश्यकता सञ्चालन सम्बन्धित ज्ञानको अभाव आर्थिक अभाव आदि कारणले गर्दा बोटे समुदायमा कम्प्युटर प्रयोग कर्ता कम भएको कुरा सर्वेक्षण बुझ्न पाइयो ।

## ४.१६ घरमा टेलिभिजन हुने तथा नहुने उत्तरदाताको विवरण

मनोरञ्जनका साथै सुचना प्रदान गर्ने ज्ञान दिने सचेतना दिने एउटा आधुनिक प्रविधिको रूपमा टेलिभिजनलाई लिइन्छ । बाटे समुदायका टेलिभिजन हुने तथा नहुने उत्तर दाताहरूको विवरण तल तालिकामा प्रस्तुत छ ।

**तालिका नं. १६**

**घरमा टेलिभिजन हुने तथा नहुने उत्तर दाताको विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | टि.भी हुने | ३० | ६८ |
| २. | टि.भी नहुने | १४ | ३२ |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट बोटे समुदायका ६८% उत्तरादाताको घरमा टेलिभिजन रहेको पाइयो भने ३२% उत्तरादाताको घरमा टेलिभिजन नभएको पाइयो ।

### ४.१७ मातृभाषा बोल्ने आधारमा उत्तरदाताको विवरण

समय परिवर्तन सँगै अरु पक्षहरू-आर्थिक पक्षहरू आय आर्जनको पेशा नराम्रो सस्कार आदि कुराहरू परिवर्तन गर्दै लानु परिवतर्तित समाजको माग तर आफ्नो मातृभाषालाई जहिले पनि यथास्थितीमा आफ्नो आउदो पिडीलाई हस्तान्तरण गर्नुपर्छ मातृभाष यो समाजको गहनाह जातिय पहिचान हो सबैले बोल्नु आवश्यक हुनेछ ।

**तालिका नं. १७**

**मातृभाषा बोल्ने आधारमा उत्तरदाताको विवरण**

| क्रसं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मातृभाषा बोल्ने | ३८ | ८६ |
| २ | मातृभाषा नबोल्ने | ६ | १४ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट बोटे समुदाय ८६% देखियो भने मातृभाषा नबोल्ने १४% देखियो । आफ्भाषालाई जिवित राख्नका लागि बोटे समुदाय आफ्नो जातिय सर्कलमा आफ्नै भाषा बोल्ने गर्दछन् ।

### ४.१८ बोटे समुदायमा शौचालयको अवस्थाको विवरण

सुभ्य समाजको परिचय एउटा सफा घरको सफा शौचालयले दिन सक्छ । घर दुशित भयो भने समुदाय नै दुसित हुन्छ । त्यसकारण रोगबाट वच्चा तथा सभ्यताको परिचय दिन प्रत्येक घरमा शौचालय हुनु आवश्य छ नेपालको जनगणना २०६८ अनुसार नेपालमा ६१.८% घरमा शौचालय छ घरमा शौचालय छ अध्ययन घरमा भएका क्षेत्रमा शौचालयको विवरण तल प्रस्तुत छः

**तालिका नं. १८**

**घरमा शौचालयका भएका तथा नभएका उत्तरदाताको विवरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरमा शौचालय हुने | ४० | ९१ |
| २. | शौचालय नहुने | ४ | ९ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकाबाट थाहा हुन्छ कि बोटे समुदायमा ९१% घरमो शौचालय भएको पाइयो भने ९% घरमा अझै शौचालयको व्यवस्था छैन । प्रत्येक घरमा शौचालय हुनु आवश्यक छ भन्ने चेतना बोटे समुदायमा भएको अध्ययनका क्रममा पाइयो ९०% जो आफ्नै जग्गा छैन भूमिहन छन् । उनीहरू शौचालय निर्माण गर्न पाएका छैनन् धेरैसँग घरमा शौचालय हुनु समाजिक परिवर्तनको राम्रो संकेत हो

## ४.१९ बोटेसमुदायमा मान्ने धर्मको आधारमा उत्तरदाताको विवरण

समाजमा धर्म, भाषा, भेष भुसा आदि कतिपय यस्ता कुरा हुन्छन् जु समाज परिवर्तन सँगै परिवर्तन गर्न आवश्यक हुँदैन वा पर्दैन यि समाज, व्यक्ति र समुदायका गहना हुन भाषा धर्म संस्कृतिलाई जस्ताका तस्तै आउदो पिँडीमा हस्तान्तरण गरेको राम्रो हो । बोटे सामुदाय भन्ने धर्मको आधारमा उत्तरदाता विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९**

**बोटेसमुदायमा मान्ने धर्मको आधारमा उत्तरदाताको विवरण**

| क्रसं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | ४३ | ९८ |
| २ | क्रिश्चियन | १ | २ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

बोटे समुदायमा अधिकांशले हिन्दु धर्म मान्दछन् भने मुख्य देवताको रूपमा जलदेवतालाई पुजा गर्दछन् । माथिको तालिका अनुसार अध्ययन क्षेत्रका ९८% उत्तर दाताले हिन्द धर्म

मान्ने गरेको पाइयो । भने व्यवस्थापिकीकरणको कारणले २% ले क्रिश्चियन धर्म मानेको पनि पाइयो ।

### ४.२० उत्तरदाताको आय आर्जनको आधारमा पारिवारिक आर्थि स्थितिको विवरण

सामाजिक परिवर्तनसँगै समाजमा आफ्नो स्तर वृद्धि तथा समान राख्नका लागि वचत गर्ने गर्ने आवश्यक हुन्छ यसको लागि आफ्नो आय आर्जनको स्थिति कस्ता छ भन्ने कुरामा भरपर्दछ । बोटे समुदायको आय आर्जनको आधारमा आर्थात् अवस्थाको विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. २०**

**उत्तरदाताको आय आर्जनको आधारमा पारिवारिक आर्थि स्थितिको विवरण**

| क.स. | स्थिती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वचत पद्धतिको आर्थिक स्थिती | २ | ५ |
| २ | गुजारा पद्धतिको आर्थिक स्थिती | ४० | ९० |
| ३ | अपुग स्थितीको आर्थिक स्थिती | २ | ५ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका बोटे समुदायको आर्थिक अवस्था गुजारा प्रवृत्तिको देखिन्छ ९०% उत्तर दाताहरूको वचत नै छैन कमाउने खाने ज्यालामजदुरी गर्नेले प्राय गुजारा चलाउने पैशा नबचाउने रहेको छ । भने ५% ले वचत पनि गरेका छन् भने ५% ले आफ्नो आर्थिक अवस्था अपुग स्थितिको रहेको बताएका छन् । यो स्थिति देख्दा बोटे समुदाय वचत सम्बन्धित चेतनाको कमि भएको पाइयो किन कि शिक्षा स्वास्थ्यका लागि गरिने खर्च लाई वचत गरिएनभने भोली भविष्यमा वच्चाको उपचार गराउन सकिदैन तथा शिक्षामा पनि लगानी गर्न) सकिदैन । यो समाज परिवर्तनको नकरात्मक पक्षमा लिन सक्छि । खर्च कम तथा कमाएको पैशा वचत गर्नु पर्छ भन्ने कुरा बोटे समुदायमा फैलाउनु आवश्यक छ ।

### ४.२१ बोटे समुदायको परम्परागत पेशा तथा वर्तमानका पेशामा तुलनात्मक रोजाई

आफ्नो कामका आधारमा नाम रहेको भनिने बोटे समुदायको पेशा समाज विकास सँगै परिवर्तन भयो बोटे समुदायले माछा मार्ने, डुङ्गा तार्ने, सुनधुने जस्तो पेशाहरूलाई छोडेर

वर्तमानमा अन्य पेशा शुरु गरे यसरी आफ्नो पहिचानबोटेको पेशालाई छोडेर अन्य पेशा अपनाउँदा उनीहरूले छोडेको परम्परागत पेशा तथा अहिले गर्दै आएको पेशा कुन सजिलो तथा ठिक भन्ने प्रश्नको उत्तरमा उत्तरदाताहरूको विचारलाई संख्यात्मक रूपमा तल तालिकिकरण गरिएको छ ।

**तालिका नं. २१**

**उत्तरदाताको परम्परागत पेशा तथा वर्तमानमा अपनाइएको पेशामा तुलनात्मक रोजाईको एक तालिका**

| क.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वर्तमानमा अपनाइएको पेशाठिक भन्नेहरू | ४० | ९१ |
| २ | पराम्परागत पेशा ठिक भन्नेहरू | ४ | ९ |
| जम्मा | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

माथिको तालिकामा हेर्दा वर्तमानमा अपनाइएको पेशा नै ठिक भन्ने उत्तरदाता ९१% छन् भने विभिन्न कारणले गर्दा परम्परागत पेशा नै ठिक भन्नेहरू ९% रहेको कुरा तालिकामा देखिन्छ । बदलिदै गरेको समय अनुसार बोटे समुदायको पेशामा आएको परिवर्तन बाट बोटे समुदाय सन्तुष्टि दर्शाएको पाइयो । यो पनि सामाजिक आथिर्जक परिवर्तनको एउटा सकरात्मक पक्ष हो ।

# अध्याय पाँच

# बोटेसमुदाय देखिएको आर्थिक सामाजिक र शैक्षिक परिवर्तन सम्बन्धि एक समिक्षा

## ५.१ आर्थिक सामाजिक र शैक्षिक परिवर्तन

समय परिवर्तन विश्वव्यापीकरण र विकाश प्रक्रियाले बोटे समुदायमा ल्याएको परिवर्तनको अध्ययन क्षेत्रमा देखिएको गतिविधिको आधारमा एक प्रतिवेदनात्मक समिक्षा ।

नेपालमा ५९ जनजाति मध्ये एक जनजाति जुन अति सिमान्तकृत जात अन्तर्गत पर्दछ बोटे तथापी समाजमा आएको विकासले या समुदायलाई राम्रै तरिकाले छोएको छ । विभिन्न विकास प्रक्रियाका कारणले यिनीहरूको पेशा व्यवसाय जस्तै सुन चाल्ने, ढुङ्गा तार्ने तथा माछा मार्ने पेशालाई विस्थापित परिदिएता पनि बोटे समुदाय अन्य पेशा अंगालेर खुसी छन् सुखी देन्छिन् । यद्धपि यिनीहरूको पुर्खौली पेशा भने लोप भैसकेको अवस्था छ । तनहुँ जिल्लाको सदरमुकामको नजिकै करिब १ कि.मी. को दुरीमा अवस्थित बोटे समुदाको यस बस्ती अन्य समुदाय जस्तै विकशित देखिन्छ । यातायात, सञ्चार, खानेपानी, शिक्षा स्वास्थ्यको उचित विकासका कारण बोटे समुदाय पनि यो विकाशवाट प्रचुर फाइदा लिन सफल भएको अध्ययनको क्रममा पाइएको छ ।

## ५.२ बोटे समुदायको सामाजिक अवस्थाको एक समीक्षा

समय परिवर्तन सँगै देश, समाज, परिवार र व्यक्तिका सामाजिक अवस्थामा परिवर्तन आएको छ । बोटे समुदायमा पनि परिवर्तन आएको कुरा अध्ययनको क्रममा देखिन्छ । छोराछोरीलाई अनिवार्यरूपमा स्कूल पठाउनु पर्ने बोटे समुदायका अभिभावकमा छ भने प्रौढहरूले पनि पढाईमा रुचि दिदै पौढ शिक्षा मार्फत सबैजसो साक्षर भएको कुरा अध्ययनमा पाइयो । प्राय मगर समुदायसँग मेल खाने खालको फुपु चेला मामा चेली प्रमुख मान्यता दिने बोटे समुदायले समय परिवर्तनसँगै अचेल यो अनिवार्य नभएको पाइयो । NGO,INGO हरूले पनि विभिन्न कार्यक्रम लिएर समुदायमा प्रवेश गर्ने भएकाले समुदाय, सफा, चेतनशिल, परिवर्तनशिल रहेको यस बोटे समुदायलाई हेर्दा मूल्याङ्कन गर्न पाइयो । विकाशले आफ्नो परम्परागत पेशालाई पाखा लगाई दिएता पनि आफ्नो वर्तमानमा

अपनाइएको पेशाले आफ्नो गुजारा राम्रो चलेकोले बोटे समुदाय सन्तुष्ट रहेको कुरा उत्तरदाता बताँउछन् । गास बास बपासको कुनै समस्या नभएको बताउने समुदाय वास्तवमै सभ्य, सान्त र इमानदार स्वभावका देखिएका छन् ।

## ५.३ बोटे समुदायको आर्थिक अवस्था आएको परिवर्तन एक समिक्षा

पहिला पहिला परम्परागत पेशा गर्दा गास, वास, कपासको जोहो गनृ धौ, धौ हुने गरेको बताउने बोटे समुदाय आधुनिक जमानामा राम्रो कमाई गरेर आफ्नो दैनिक गुजारा राम्रो सँग चलाई रहेको बताएका छन्  दैनिक मजदुरी गरेर लगभग मासिक १५,००-३०,००० सम्म कमाउने बोटे परिवारले बचत भने कम गर्ने तर आफ्नो पारिवारिक जीवन चाँहि राम्रोसँग चलाउने गरेको कुरा अध्ययनको क्रममा पाइयो । आधुनिक विकास प्रविधिको उपयोग गर्दै आफ्नो दैनिक जीवनमा सहजता ल्याएको बताउने बोटे समुदायमा मोवाइल, टि.भी., रेडियो, कम्प्युटर समेत उपयोग गरेको पाइयो । पहिले न्युन आर्थिक अवस्था भएको बताउने बोटे आजको आर्थिक अवस्था मध्यम रहेको बताएका छन् । पहिला पहिला परम्परागत बोटेको धुमाउने घर भएता पनि अचेल राम्रा र मजबुद घरहरू समुदायमा देखिन्छन् ।

## ५.४ बोटे समुदायको शिक्षामा आएको परिवर्तनको एक समिक्षा

साक्षर, गाविस, सादार न.पा. साक्षर जिल्ला घोषणा गर्ने देशलाई निरक्षरताबाट साक्षरमा लैजाने योजनाको लहड चलिरहेको यो जमानामा बोटेको सहयोग पनि राम्रो देखियो । समुदायमा राम्रो साक्षरता दर देखियो । जसबाट यो भन्न सकिन्छ कि बोटे समुदाय शिक्षाको महत्वको बारेमा सचेत र सजक छन् । परिवारले अनिवार्य रूपमा आफ्ना छोरा छोरी स्कूल पठाउने गरेको कुरा अध्ययनको क्रममा पाइयो । परम्परागत पेशा अपनाउदा छोराछोरीलाई राम्रा शिक्षा दिन नसकिने भएपछि आफ्नो पेशा पविर्तन गरेको बताउँछन् । समुदायका बोटे उत्तरदाताहरू विशेष गरी प्रौढ शिक्षा मार्फत वोटे महिलाहरू साक्षर छन् अध्ययनको क्रममा देखियो कि यो समुदायमा शत प्रतिशत महिला साक्षर छन् । शिक्षाको महत्व राम्रो सँग बुझ्केका अभिभावकले नजिकैको स्कूलमा अनिवार्य रूपमा एवम् नियमित रूपमा विद्यालयमा पढाउँदछन् । आफ्नो समाज परिवर्तनको महत्वपूर्ण तत्व नै शिक्षा रहेको कुरा उत्तरदाता बताउँदछन् ।

## ५.५ बोटे समुदायमा स्वास्थ्य तथा सरसफाईमा आएको परिवर्तन एक समिक्षा

परापुर्वकालमा नदिको किनारामा बस्ने नदिको किनारामा नै फोहोर दिशापिशाप गर्ने नदिलाई नै आफ्नो सुर्वस्व ठान्ने बोटे समुदायमा समय पविर्तन सँगै घरमा शौचालय निर्माण गर्ने सरसफाई गर्ने पानी सफा बनाएर खाने तथा विरामी परे अस्पताल जाने कुरा अध्ययनका क्रममा पाइयो यो सामाजिक परिवर्तनको सकारात्मक पाटोको रूप हो ।

# अध्याय छ

# शोधको सारांश निष्कर्ष र सुझाव

## ६.१ शोधको सारांश

प्रस्तुत शोधपत्र बोटे मसुदायको सामाजिक आर्थिक परिवर्तनसँग सम्वन्धित रहेर तनहु जिल्ला अन्तर्गत व्यास नगरपालिका वडा नं. ७ अन्तर्गतका दुईवटा बोटे  टोल पाटन र डोडेनी बोटेटोलको बोटेहरूलाई आफ्नो अध्ययनका उत्तरदाता बनाएर यस बोटे समुदायको परिवर्तन त्यसमा पनि विशेष गरेर सामाजिक आर्थिक परिवर्तन हेर्ने उद्देश्यले अध्ययन गरिएको हो ।

आज विश्व एउटा सानो समाजको रूपमा परिवर्तन भैरहदा यस विश्वव्यापीकरणको प्रभाव हाम्रो देश नेपालमा पनि परिरहेको छ । विदेशी बजारमा उत्पादन भएका माल सामान हाम्रो देशमा कुनाकाप्चामा बस्ने साधारण नेपालीले पनि उपभोग गरिरहेको अवस्था छ । धेरथोर रूपमा परिवर्तन पनि देखिरहेको यस अवस्थामा बोटे समुदायमा जुन समुदाय नेपालका ५९ वटा जनजातिहरू मध्ये एक जनजाति हो र यो अति सिमान्तकृत जनजाति अन्तर्गत पर्दछ । सामान्यतया नदिको किनारमा बस्ने र नदिमा नै माछा मार्ने सुन चाल्ने ढुङ्गा तार्ने काम परम्परागत रूपमा गर्दै आएका यिनीहरू विश्वमा द्रुतगतिमा बढ्दै गरेको विश्वव्यापीकरणका कारण पूर्णतया आफ्नो परम्परागत पेशाबाट त पाखा लागेका छन नै विकाशले उनीहरूको पेशालाई असर गरेता पनि पेशा परिवर्तनबाट उनीहरूको सामाजिक आर्थिक अवस्थामा कस्तो परिवर्तन आयो भन्ने कुरा यस शोधले यस समुदायलाई आफ्नो अध्ययन क्षेत्र बनाएर हेर्न खोजेको छ ।

अध्ययनले राखेको उद्देश्य अनुरूप बोटे समुदायको सामाजिक आर्थिक परिवर्तनको लेखा जोखा गर्ने क्रममा आएका परिणामहरू सारांशको रूपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तनहु जिल्ला व्यास नगरपालिका वडा नं. ७ अन्तर्गतका पाटन तथा डाडेनी  बस्ने जम्मा ४४ घरमा १९६ जनसंख्याको सामाजिक आर्थिक परिवर्तन यस शोधले गरेको छ । ४४ जना उत्तरदाताहरूलाई उनीहरूको सम्पूर्ण दैनिक क्रियाकलाप आर्थिक अवस्था पेशा शिक्षाको अवस्था वा अध्ययनले राखेको उद्देश्य पुरा हुने खालका प्रश्नहरू सोधेर उनीहरूको सामाजिक आर्थिक अवस्थालाई तथ्यांकिय रूपमा लिनेकाम यस शोधपत्रले गरेको छ ।

नगरपालिकाको नजिक तथा जिल्ला सदरमुकाम दमौलीको नजिक भएर पनि होला अध्ययन क्रममा बोटे समुदायमा यथेष्ट सकारात्मक परिवर्तनहरू तथ्यांकिय रूपमा आएका छन् जुन उत्तरदाताको आफ्नो उत्तरबाट लिइएको हो ।

स्थलगत सर्वेक्षणका लागि बोटे समुदायको घरघरमा जाँदा हजुर घरमा को हुनुहुन्छ ? भनि बोलाउँदा हजुर हामी  छौ भनि बोल्ने र अगाडि आएर कुरा गर्ने तथा प्रश्नको उत्तरु दिने पनि पुरुष बढी नै देखिए जुन पुरुष प्रधान नेपाली समाजलाई प्रतिनिधित्व गर्दछ अर्थात यो सोधमा ७३% पुरुष उत्तरदाता भए भने जम्मा २७% महिला उत्तरदाता पारिवारिक संरचना बढी एक परिवार भएको बढी ८०% एकल परिवार रहेको देखियो । विहे गरेपछि छोरा छुट्टीएर बस्ने चलन नेपाली समाजमा छ जुन बोटे समाजमा पनि रहेछ। बोटे समुदायमा परिवारको संख्या ४/६ जना सम्म भएको बढी देखियो जुन ६४% छ भने १/३ जना सम्मको २५% लिङ्गको आधारमा साक्षरता दर हेर्दा महिलाको १००% देखियो भने पुरुषको ८८% शैक्षिक तह पुरा गरेको बोटे समुदायमा तथ्यांक हेर्दा खेरी साधारण लेखपढ ५०% र प्रा.वि. तह पुरा गरेको ३८% देखियो +२ पास २% मात्र देखियो । वर्तमानमा वोटे समुदायलेअवलम्वन गरेको पेशा हेर्दा प्रमुख पेशाका रूपमा बोटे समुदायले ज्याला मजदुरी ८९% रहेको पाइयो भने ७% कृषि र रोजगारी २% मात्र पाइयो भने २% परम्परागत पेशा गरेको पाइयो । ज्याला मजदुरीबाट १२००० बढी कमाउने बोटे समुदाय ९% रहेको पाइयो । यसरी राम्रो आम्दानी गरे पनि बोटे समुदायका ९०% को आर्थिक स्थिती गुजरा प्रकृतिको रहेको छ । कमायो खायो सक्यो अनुसार बोटे समुदायले बचत कम गर्ने देखियो ।
बोटे समुदाय कति सचेत छन् स्वास्थ्यको सन्दर्भमा विरामी भए कहाँ उपचार गराँउछन् भनेर बुझ्ने क्रममा अध्ययन गर्दा करिब ५७% ले सरकारी अस्पतालमा उपचार गराउने गरेको पाइयो भने करिब २३% ले निजि क्लिनिकमा तथा १६ % ले आयुर्वेदमा पनि उपचार गराउने गरेको पाइयो । खानेपानी कसरी शुद्ध बनाएर पिउन हुन्छ भनेर थाहा पाउने क्रममा फिल्टर गरेर पिउने ५४% देखिए भने धाराबाटै कपडाले छानेर खाने २३% तथा पियुष राख्ने २३% देखिए । ९१% उत्तरदाताको घरमा शौचालय भएको पाइयो । त्यस्तै गरी बोटे र माझीमा फरक छैन हामी एउटै छ भन्ने उत्तरदाता ७०% देखिए भने बाकीले फरक हो ।
जग्गा स्वामित्वको अवस्था हेर्दा अत्यन्तै कम देखियो । २३% को मात्र जग्गा रोपनी भन्दा बढी देखियो भने अरुको कम भूस्वामित्व नै नहुने ९% देखियो । करिव ९४% उत्तरदाताहरू

शिक्षा स्वास्थ्य यातायात जस्ता विकाशका आधारभुत तत्वहरूको पहुचमा रहेको कुरा अध्ययनमा थाहा हुन आएको छ । आधुनिक उपकरणको प्रयोगको अवस्था हेर्दा वोटे समुदायका ७५% ले मोवाइल उपयोग गर्ने गरेको पाइयो । वोटे समुदायमा आफ्नो मातृभाषा बोल्ने तथ्याकं राम्रो देखियो ८६% ले मातूभाषा बोल्ने बताए वोटे समुदायका ९८% ले हिन्दु धर्म मान्दछन ।भने मुख्य गरेर जलदेवताको पुजा गर्ने गर्दछन वोटे समुदाय नया अप्नाएको पेशामा सन्तुस्ट ९१% छन भने परम्परागत पेशा राम्रो भन्ने ९% उत्तरदाता छन ।

## ६.२ निस्कर्ष

वोटे समुदायको सामाजिक आर्थिक अवस्थालाई समाजशास्त्रिय दूस्टिकोण बाट नियालेर त्यसमा आएको परिवर्तनलाई हेरेर तथ्याङकिय अवस्थामा ल्याउने उदेश्यका साथ अगाडी वढाइएको यो अध्ययन यो निस्कर्षमा पुग्योकी समाज देश दुनियामा भएका विकाशको गति, विम्ब बजारिकरण विश्वव्यापीकरणको प्रभावले बोटे समुदायलाई पनि प्रभाव परेको छ समुदायमा सकारात्मक प्रभाव पारेको यो समुदाय पनि देश दुनिया सँग परिचित छ । देश विदेशमा उत्पादन भएका बैज्ञानिक उपकरणहरू विद्युतिय उपकरणहरू प्रयोग गरिरहेका छन् । आधुनिकीकरणको प्रभाव वोटे समुदायमा राम्रो परेको छ । शिक्षाको महत्व बुझेर छोराछोरी स्कूल पठाएका छन् । अभिभावक आक्षरताका लागि प्रौढ शिक्षा कक्षा गएका छन् समाज शिक्षित छ । फोहोरपानीले झाडापखाला लाग्छ भनेर पानी छानेर, पियुश हालेर खाने गरेका छन् जसकोकारणबाट समुदाय स्वच्छ छ । आफ्नो दैनिक गुजाराको लागि दैनिक ज्याला मजदुरी पेशा शौचालय वनाएका छन् । पेशा अपनाएका छन् । यसरी बोटे समुदाय राम्रो सँग चलेको र समयको अन्तरालमा विकाश,विश्वव्यापीकरणले गर्दा निकै परिवर्तन देखिएको छ ।

यसरी यो शोधपत्र यो निष्कर्षमा पुग्यो कि बोटे समुदायको सामाजिक, आर्थिक अवस्था र परिवर्तन हेर्ने उद्देश्य लिएर अगाडि बढेकोमा शोधले राखेको उद्देश्यमा सकारात्मक परिणाम पाएको छ कि बोटे समुदायमा निकै सामाजिक आर्थिक परिवर्तन भएका छन् जुन बोटे र बोटे समुदायका लागि सकारात्मक छन् जुन सकारात्मक परिणामले बोटे समुदायलाई सकारात्मक दिशातिर डोऱ्याउदछन् । यति हुँदा हुँदै पनि बोटे समुदायमा केही कमि कमजोरी पनि देखिन आए जुन बोटे समुदायको वचत गर्ने वानीको अभाव तथा साक्षर दरवढी हुँदा हुँदै पनि शिक्षित हुने, तह पुरा गर्नु तह अत्यन्तै कमले गर्ने ।

# सन्दर्भ सामग्री


Acharya, Umesh Prasad. (2010), *Livelihood Strategy of Bote Communty of Patihari VDC of Chitwan*. www.Nepjol.info

Bista, Dor Bahadur. (1967) : *People of Nepa.* Publisher Ratna Pustak Bhandar Kathmandu Nepal.

Bote of Nepal Ethographc Research Series-5 publisher central peparment of sociology Tribhuvan University Kirtipur, Kathmandu.

Bulletins of Centeral Bureau of Statiesties.

Central Burean Statictics 2011 Kathmandu.

Models of Social change www.cliffsnotes.com.

Turner (1980) Nepali Dictionary. Allied Pubnlishers Private Limited India.

अधिकारी, विष्णु. (२०६०). *शोपधत्र समाजशास्त्र.* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं नेपाल ।

कोयु, राई. नवराज. (२०६९). *बोटे जातिको चिनारी.* प्रकाशक आदीवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगानविल ललितपुर र धिमाल जाति विकाकेन्द्र केन्द्रिय समिति भरतपुर, चितवन ।

विष्ट, डोर बहादुर. (२०३२). *सबै जातको फुलबारी.* साझा प्रकाशन काठमाडौं ।

नेपाली, गोपाल सिंह. (१९६५), *The rewars.* युनाइटेड एसिया पब्लिकेशन ।

पाण्डे, मधुसुधन. (२०६८), नेपालका जनजातिहरू नेपाको संविधान ।

पौडेल, सारदा. (२०६९). *बोटे जातीको जनजीवन र संस्कृति,* शोधपत्र त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

पौडेल, झुमा. (२०७०). *बोटे जातिहरूको आर्थिक अवस्था र उनिहरूको व्यवसायमा आएको परिवर्तन शोध पत्र.* त्रिभुवन विश्व विद्यालय कीर्तिपुर काठमाडौं ।

भट्टराई, ज्ञानेश्वर. (२०६८). *समान्यज्ञान आशिष,* बुक्स हाउस प्रा.लि., बागबजार, काठमाडौं, नेपाल ।

मातृभाषा दिवश. (२०१३). *राष्ट्रिय प्रज्ञा प्रतिष्ठान* कमलादी, काठमाडौं ।

सुब्बा, सुरज. (१९८९), *Botes The Ferrey man of Tanahun*. Publisher, Ashok Kumar Limbu Manakamana Boarding School, Gorkha.

सिंह, लामा चुडादेव, (२०६५)" *नेपालका आदिवासी जनजाति संस्कार परिचय.* प्रकाशन नेपाल तामाङ्ग गुम्बा केन्द्रिय कार्यालय काठमाडौं नेपाल ।

शर्मा, जनकला. (२०३९), *हाम्रो समाज एक अध्ययन.* शास्त्र प्रकाशन काठमाडौं नेपाल ।

ज्ञवाली, चन्द्रकान्त. (२०५३), *बोटे माझी जातीको सामाजिक तथा सांस्कृतिक जीवन अवस्था* शोधपत्र समाज शास्त्र त्रिभुवन विश्व विदालय कीर्तिपुर काठमाडौं ।

# प्रश्नावलीहरू

## बोटे समुदायको सामाजिक तथा आर्थिक अवस्था र परिवर्तन एक स्थलगत सर्वेक्षणका लागि समुदायका घरदैलो सर्वेक्षण प्रश्नावली

अञ्चल जिल्ला न.पा. ⁄ गा.वि.स.

वडा नं टोल लिङ्ग घर संख्या नं

१. उत्तरदातको नाम

२. हजुर कति बर्षको हुनुभो ?

.................................................................................

३. विवाहित कि अविवाहित ?

अ. विवाहित आ. अविवाहित

४. परिवार संख्या

अ. पुरुष ख. महिला

५. शैक्षिक स्थिती (परिवारको)

अ. साक्षर संख्या ख. निरक्षर संख्या

६. छोरा छोरी जम्मा

अ. छोरा ख. छोरी

७. विद्यालय जाने छोरा छोरी

अ. जाने ख. नजाने

८. पुरा गरेको तह

अ. प्रा.वि.आ. नि.मा.वि. इ) मा.वि. ई) +२

९. पेशा

अ. कृषि आ. रोजगारी इ) ज्यालादारी

१०. मासिक हुने आम्दानी अन्दाजी

.................................................................................

११. तपाईको कमाईको आधारमा तपाईको पारिवारिक आर्थिक स्थिती कस्तो प्रकारको होला ?

अ. बचत प्रकृति आ. गुजारा इ. अपुग

१२. तपाई विरामी पर्दा कहाँ उपचार गराउन जानु हुन्छ ?

अ. अस्पताल आ. क्लिनीक इ. आयुर्वेद

१३. पानी सफा खानु पर्छ भन्ने चेतना छ ?

अ. छ आ. छैन

१४. तपाईको घरमा शौचालय छ ?

अ. छ आ. छैन

१५. पानी कसरी सफा गरेर पिउनुहुन्छ ?

अ. छानेर कपडाले आ. भाडामा फिल्टर गरेर इ. पियुस हालेर

१६. तपाईको विचारमा माझी र बोटेमा फरक के छ ?

अ. छ आ. छैन

१७ फरक भए के छ ?

.........................................................................................

१७ तपाईको जग्गा जमिन कति छ ?

.........................................................................................

१९. तपाईको पहिलाको घर र अहिलेको घरमा के फरक छ ?

अ. छ आ. छैन

२०. छ भने अहिले कस्तो छ ?

.........................................................................................

२१ तपाईको घरमा टि.भी. छ ?

अ. छ आ. छैन

२२. तपाईको घरमा मोबाइल छ ?

अ. छ आ. छैन

२३. तपाईको घरमा कम्प्युटर छ ?

अ. छ आ. छैन

२४. तपाई आफ्नो मातृभाषा बोल्नुहुन्छ ?

अ. वोल्छु आ. वोल्दीन

२५. तपाई कुन धर्म मान्नुहुन्छ ?

.........................................................................................

२६. कुन देवताको पुजा गर्नुहुन्छ ?

.........................................................................................

२७. तपाईको विवाह पद्धति के हो ?

अ. मागि    आ. भागी    इ. कोट

२८. तपाईलाई कुन पेशा राम्रो लाग्यो ।

अ. परम्परागत    आ. अहिले गर्दै गरेको

**हाल नेपालमा रहेको बोटेको जनसंख्या**

| बोटेको जम्मा जनसंख्या | Male | Female |
|---|---|---|
| १०,३९७ | ५०१९ | ५३७८ |

स्रोत : (Central Bureau of Statistics)

**हाल यस सोधको अध्ययन क्षेत्रमा रहेके जनसंख्या**

| जनसंख्या | महिला | पुरुष | क्षेत्र |
|---|---|---|---|
| १२२ | ६१ | ६१ | पाटन |
| ७४ | ३४ | ४० | धोरेनी |
| १९६ | ९५ | १०१ | दुवै |

स्रोत : स्थलगत सर्वेक्षण २०७३ ।

| **क्र.स.** | **जिल्ला** | **CBS 2011 मा बोटेको जनसंख्या** | **२०५३ चन्द्रकान्त ज्ञवालीको शोधमा बोटे र माझिको जनसंख्या** |
|---|---|---|---|
| १ | इलाम | १२ | २२ |
| २. | संखुवासभा | ३२ | २ |
| ३. | उदयपुर | १९४ | ९६ |
| ४. | सर्लाही | ४१८ | ६०८ |
| ५. | काठमाडौँ | ४५ | ४९ |
| ६. | पर्सा | ११८ | - |
| ७. | चितवन | ३०९४ | ४ |
| ८. | तनँहु | १२९३ | ६ |
| ९. | स्याङ्जा | २६३ | - |
| १०. | कास्की | ४१ | ५ |
| ११. | मनाङ | १३ | १ |
| १२. | पर्वत | १३२ | २५ |
| १३. | गुल्मी | ६९५ | ९८१ |
| १४. | पाल्पा | ८०३ | - |
| १५. | नवलपरासी | २२१४ | - |

| | | | |
|---|---|---|---|
| १६. | रूपन्देही | २६ | - |
| १७. | कपिलवस्तु | ४३ | - |
| १८. | प्युठान | ४६ | - |
| १९. | रोल्पा | ३१ | - |
| २०. | दाङ | ३४७ | - |
| २१. | बर्दिया | ७५ | - |
| २२. | सुर्खेत | २९ | - |
| २३. | कैलाली | ९३ | - |
| २४. | कन्चनपुर | १९८ | - |
| २५. | झापा | २७ | ४२९ |
| २६. | धनकुटा | १३ | १८० |
| २७. | पाँचथर | - | ३ |
| २८. | मोरङ | - | ५९७ |
| २९. | सुनसरी | - | ३०८९ |
| ३०. | तेह्रथुम | - | १ |
| ३१. | भोजपुर | - | १५ |
| ३२. | सोलुखुम्बु | - | ६७ |
| ३३. | ओखलढुङ्गा | - | १३४ |
| ३४. | खोटाङ | - | २५१ |
| ३५. | सप्तरी | - | ३२ |
| ३६. | सिराहा | - | १५ |
| ३७. | धनुषा | - | ९५ |
| ३८. | महोत्तरी | - | ५५० |
| ३९. | सिन्धुली | - | ६२८ |
| ४०. | रामेछाप | - | ६५२ |
| ४१. | दोलखा | - | ४ |
| ४२. | सिन्धुपाल्चोक | - | १११५ |

| | | | |
|---|---|---|---|
| ४३. | कार्भेपलाञ्चोक | - | ३८१ |
| ४४. | ललितपुर | - | २ |
| ४५. | धादिङ | - | ३ |
| ४६. | मकवानपुर | - | २६६ |
| ४७. | रौतहट | - | ६३३ |
| ४९. | बारा | - | १५० |

स्रोत CBS 2011 र ज्ञवालीको २०५३ ।

| बोटेभाषा | नेपालीमा अर्थ |
|---|---|
| मई | म |
| गितौ | जान्छ |
| बेटी | श्रीमती |
| बेटा | श्रीमान |
| भरिया | भाडा |
| छौना | छोरा |
| पिसा/पिसी | फुपाजु, फुपु |
| अपन | आफ्नो |
| धार | खरानी |
| त्वा | तिमी |
| खौलार | खाने हो |

स्रोत : बोटे जातीको जनजीवन र संस्कृति शारदा पौडेल Thesis